सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ असार २०८०, शनिबार (17 June 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ६५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ सप्तरीका मिटरब्याजी साहुकारको ज्यादती

गुन्डा लगाएर घर भत्काए, परिवारका सदस्यलाई बाँधेर कुटपिट गरे, लत्ताकपडा र अन्नपात इनारमा फालिदिए



सप्तरी बथनाहाका विजय यादवको घर साहुकारले चैतमै भत्काएपछि गोठमा बस्थे, त्यो पनि गुन्डा लगाएर बिहीबार भत्काए



गोठ भत्काउँदै छोरालाई कुटपिट गर्न थालेपछि प्रतिवादमा उत्रिएकी विजयकी ६२ वर्षीया आमा जागोदेवीलाई पनि साहुकार वेदनारायण यादवका गुन्डाहरूले छाडेनन्, उनलाई पनि हात बाँधेर कुटपिट गर्दै बर्बर यातना दिए।



गुन्डाहरूबाट कुटिएकी जागोदेवीको टाउकोमा गम्भीर चोट लागेको छ, शरीरभरि नीलडाम छन्। राजविराज अस्पतालले रेफर गरेपछि अहिले उनको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ।

राजविराजमा **सौरभ यादव**, धरानमा **आरबी कटवाल**

साहुकारहरूको ज्यादतीविरुद्ध देशभरका पीडित आन्दोलित भएपछि सरकारले मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग नै गठन गरेर छानबिन गरिरहेको छ। धेरै साहुकारको भागाभाग चलेको छ। तर, सप्तरीका साहुकार वेदनारायण यादवको अत्याचार थप बढ्दै छ। बिहीबार मात्रै उनले गुन्डा परिचालन गरेर महादेवा गाउँपालिका- ३ बथनाहाका विजय यादवको घर भत्काए, परिवारका सदस्यहरूलाई बाँधेर बर्बर यातना दिए र घरमा भएका लत्ताकपडा-अन्नपात इनारमा फालिदिए।

गुन्डाहरूको कुटपिटबाट विजय, उनकी ६२ वर्षीया आमा जागोदेवी, पत्नी पुष्पा,

» पृष्ठ २ मा क्रमशः

यी हुन् साहुकार वेदनारायण



■ धरानमा आमा र आफ्नो उपचार गराइरहेका विजय यादव भन्छन्-

मलाई जोगाउन आमा आउनुभयो, उहाँलाई पनि बाँधेर कुटे

बुबा (भुवनेश्वर यादव)ले खेती गर्नका लागि पैसा चाहिने भयो भनेपछि ०७४/७५ तिर वेदनारायण यादवको परिवारसँग चार लाख ऋण लिएको हुँ। घरघडेरी भएको दुई कट्ठा जग्गा वेदनारायणकी आमा परमेश्वरीको नाममा पास गरिदिएको थिएँ। ऋण चुक्ता गरेपछि फिर्ता गरिदिन्छौं भनेका थिए। उनीहरूले डेढ लाख एकमुस्ट दिए, अरू कहिले २० हजार, कहिले १० हजार गरेर




दिए। त्यतिखेर म झापामा काम गर्थें। हामीले पटक-पटक गरेर साहुकारलाई ६ लाख तिरिसक्यौं। तैपनि जग्गा फिर्ता नदिने, उल्टै अझै तिर्न बाँकी नै छ भन्ने। कहिले तीन लाख बाँकी छ भन्ने, कहिले १२ लाख छ भन्ने। यस्तै कुरा गरेर वेदनारायणले मेरो बुबासँग पनि पटक-पटक झगडा गरेछ। उहाँलाई धेरै

» पृष्ठ २ मा क्रमशः

प्रदेशहरूमा ५७% पुँजीगत र ४३% चालू बजेट


(वित्तीय व्यवस्थातर्फको खर्च चालूमा जोडिएको छ)



कोसी

३६ अर्ब २४ करोड ३५ लाख १० हजार

- चालू बजेट : १४,३९,६२,६६,०००
- पुँजीगत बजेट : १८,२३,४२,५२,०००
- वित्तीय हस्तान्तरण : ३,६०,२९,९२,०००



मधेस

४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार


- चालू बजेट : १४,८८,९५,६७,०००
- पुँजीगत बजेट : २५,६९,७०,१८,०००
- वित्तीय हस्तान्तरण : ३,५२,८०,४७,०००



बागमती

६२ अर्ब ७० करोड ९० लाख ७८ हजार

- चालू बजेट : १९,६२,८०,७३,०००
- पुँजीगत बजेट : ३५,५०,६३,०९,०००
- वित्तीय हस्तान्तरण : ७,५७,४६,९६,०००



गण्डकी

३३ अर्ब ४२ करोड ७२ लाख


- चालू बजेट : ११,१३,१२,३८,०००
- पुँजीगत बजेट : २०,१९,०४,६२,०००
- वित्तीय हस्तान्तरण : २,१०,५५,००,०००



लुम्बिनी

४० अर्ब ४७ करोड ८९ लाख ५७ हजार

- चालू बजेट : १३,६३,३०,९९,०००
- पुँजीगत बजेट : २३,२५,६९,०१,०००
- वित्तीय हस्तान्तरण : ३,५८,९७,००,०००



कर्णाली

३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार

- चालू बजेट : ९,००,२०,२४,०००
- पुँजीगत बजेट : १९,५७,७२,४३,०००
- वित्तीय हस्तान्तरण : ४,८०,०४,४०,०००



सुदूरपश्चिम

२९ अर्ब २६ करोड ५९ लाख ३२ हजार

- चालू बजेट : ९,८९,६०,०२,०००
- पुँजीगत बजेट : १७,०२,२३,६०,०००
- वित्तीय हस्तान्तरण : २,३४,७५,७०,०००

विस्तृत पृष्ठ ७

कार्कीको कमान्डमा सर्वोच्च

सुनुवाइ, नियुक्ति, शपथ र पदबहाली एकै दिन। ६५ वर्षे उमेरहदका कारण ५० दिन मात्रै कार्यकाल भएका कार्कीले २० साउनमा अनिवार्य अवकाश पाउने, कार्यकाल सकिने महिना दिनअघि बिदा बस्ने परम्परा रहेकाले कार्कीको सक्रिय कार्यकाल २० दिन मात्रै।

कमलराज भट्ट / नयाँ पत्रिका

नवनियुक्त प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले सर्वोच्च अदालतको ३०औं प्रधानन्यायाधीशका रूपमा पदबहाली गरेका छन्। आठ महिनादेखि कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालिरहेका कार्कीलाई शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन्। नियुक्तिलगत्तै राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिएका कार्कीले साँझ नै पदभार सम्हालेका थिए।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले महाभियोग लागेर निलम्बनकै अवस्थामा अवकाश पाएपछि उनले कायममुकायमको जिम्मेवारी पाएका थिए। २५ वैशाखमा संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस कार्कीलाई शुक्रबारै संसदीय सुनुवाइ समितिले सर्वसम्मत अनुमोदन गरेको थियो।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



राष्ट्रपति रामचन्द्र पौडेलबाट शुक्रबार पद तथा गोपनीयताको शपथ लिँदै सर्वोच्च अदालतका नवनियुक्त प्रधानन्यायाधीश हरिकृष्ण कार्की। साथमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड। तस्बिर : रासस

संसदीय सुनुवाइमा कार्कीको प्रतिबद्धता

कार्यकाल छोटो भए पनि न्यायपालिकाको गरिमा र विश्वास बढाउन भूमिका खेल्ने प्रतिबद्धता नवनियुक्त प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले गरेका छन्। न्यायपालिकामा रहेका भ्रष्टाचार र बिचौलियातन्त्र निरुत्साहित गर्ने, न्यायमा सहज पहुँच र न्यायालयप्रति जनआस्था अभिवृद्धि गर्ने, मुद्दाको वैज्ञानिक व्यवस्थापन, न्यायाधीश नियुक्ति पारदर्शी बनाउने, न्यायिक सुशासन र सदाचार स्थापित गर्ने, फैसला कार्यान्वयनको प्रभावकारिता, न्यायिक स्वतन्त्रता, स्वायत्तता र जवाफदेहिता, स्रोत-साधनको व्यवस्थापन र आर्थिक अनुशासन, सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्ने कार्कीको कार्ययोजना छ।

झ्रन्नयाँ

विवादबीच एमालेले महाकाली सन्धिको पक्षमा निर्णय गर्दा...



संस्मरण

देवराज घिमिरे, सभामुख, प्रतिनिधिसभा

जब मेरो नाम आउँछ, महाकाली सन्धिसँग जोडेर चर्चा गर्छन्। कतिपयले सन्धिको पक्षमा मत दिएर मैले 'राष्ट्रघात' गरेको आरोप लगाउँछन्। तर, त्यो मान्न म कहिल्यै तयार छैन।

(पृष्ठ ३)

हाई प्रोफाइल सबै थुनामा

पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाणलगायत १६ लाई थुनामा राख्न तथा टंक गुरुङ र लक्ष्मी महर्जनलाई धरौटीमा रिहा गर्न आदेश



न्यायाधीश प्रेमप्रसाद न्यौपानेको आदेश-

'... तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरू हाल कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन'

थुनामा गएसँगै टोपबहादुर रायमाझी सांसदबाट निलम्बित

शिल्पा कर्ण / नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा तत्काल प्राप्त प्रमाणले प्रतिवादीको कसुरमा संलग्नता देखिएको भन्दै अदालतले दुई पूर्वमन्त्रीसहित १६ जनालाई थुनामा पठाएको छ। जिल्ला अदालत काठमाडौंले पूर्वमन्त्रीद्वय टोपबहादुर रायमाझी र बालकृष्ण खाणसहित १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको हो। सबैजनालाई शुक्रबार नै सुन्धारास्थित केन्द्रीय कारागारमा पठाइएको छ।

मुद्दा दायर भएको २३ दिनपछि काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले थुनछेक आदेश दिएको हो। कसुरमा संलग्नता देखिने धेरै प्रमाण भएको भन्दै अदालतले उनीहरूलाई थुनामा पठाएको हो। '... तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरू हाल कसुरदार होइनन् भन्न

» पृष्ठ २ मा क्रमशः



केन्द्रीय कारागार पुगेपछि इन्द्रजितले सोधे-

यहाँ के-के खान पाइन्छ ?

एउटै कोठामा राख्न रायमाझी बाबु-छोराको आग्रह

कुन आधारमा पठाइयो थुनामा ?

■ **बालकृष्ण खाण** : विवादित नाम समावेश बालकृष्ण पन्थी प्रतिवेदन कार्यान्वयनको प्रस्ताव मन्त्रिपरिषद्मा लान स्वीकृति दिएको। पुनः छुट शरणार्थीका लागि भन्दै कार्यदल गठन गरेको र कार्यदलको म्याद थप गरेको। मन्त्री हुँदाका बखत नक्कली, समानान्तर प्रतिवेदन तयार भएको। केशव दुलाल र गृहसचिव टेकनारायण पाण्डेबीचको संवाद तथा पाण्डेको मौकाको बयान।

■ **टोपबहादुर रायमाझी** : प्रतिवादीहरू सानु भण्डारी, केशव दुलाल र टेकनाथ रिजालको बयानबाट संलग्नता देखिएको। सानु भण्डारीको घरबाट बरामद डायरीमा रकम दिएको उल्लेख रहेको। जाहेरीमा उल्लिखित विषय।

■ **टेकनारायण पाण्डे** : छुट शरणार्थीको विवरण पेस गर्न सचिवस्तरीय निर्णयबाट कार्यदल गठन गरेको तथा म्याद थप गरी थप कार्यादेश दिएको। गृहमा समानान्तर तथा नक्कली प्रतिवेदन उनकै कार्यकालमा तयार भएको। प्रतिवेदनबारे अस्वाभाविक चासो राखेको र ४-५ वटा प्रतिवेदन आफैंसँग राखेको। केशव दुलालसँग भएको संवाद। जाहेरीमा उल्लिखित विषय।

■ **टेकनाथ रिजाल** : अब नेपालीलाई शरणार्थी बनाई अमेरिका लैजाने भनी विश्वास दिलाएको। ३४ नेपालीलाई शरणार्थीको कार्ड वितरण गरेको भनी आफैंले र सहप्रतिवादी रामशरण केसीले बयान गरेको। रामशरण केसीले आफूले ११ लाख बुझाएको बयान दिएको तथा त्यसैलाई समर्थन हुने विवरण सानु भण्डारीको डायरीमा भेटिएको।

» पृष्ठ २ मा क्रमशः

कार्कीको...

पृष्ठ १ बाट क्रमशः

६५ वर्षे उमेरहदका कारण ५० दिन मात्रै कार्यकाल भएका कार्कीले २० साउनमा अनिवार्य अवकाश पाउनेछन् । कार्यकाल सकिने महिना दिनअघि बिदा बस्ने परम्परा रहेकाले कार्कीको सक्रिय कार्यकाल २० दिन मात्रै रहनेछ ।

कार्यकाल छोटो भए पनि न्यायपालिकाको गरिमा र विश्वास बढाउन भूमिका खेल्ने प्रतिबद्धता कार्कीले गरेका छन् । न्यायपालिकामा रहेका भ्रष्टाचार र बिचौलियातन्त्र निरुत्साहित गर्ने, न्यायमा सहज पहुँच र न्यायालयप्रति जनआस्था अभिवृद्धि गर्ने, मुद्दाको वैज्ञानिक व्यवस्थापन, न्यायाधीश नियुक्ति पारदर्शी बनाउने, न्यायिक सुशासन र सदाचार स्थापित गर्ने, फैसला कार्यान्वयनको प्रभावकारिता, न्यायिक स्वतन्त्रता, स्वायत्तता र जवाफदेहिता, स्रोत-साधनको व्यवस्थापन र आर्थिक अनुशासन, सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्ने कार्कीको कार्ययोजना छ ।

२०४० मा न्याय क्षेत्रमा प्रवेश गरेका कार्की बार एसोसिएसनको सचिव र अध्यक्ष तथा सरकारको महान्यायाधिवक्ता हुँदै सर्वोच्च प्रवेश गरेका थिए । १७ साउन ०७३ मा कार्की सर्वोच्चको न्यायाधीश नियुक्त भएका थिए । ६ वर्ष न्यायाधीश भएका कार्कीले १६ असोज ०७९ देखि कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारीमा थिए ।

सांसदका प्रश्नमा कार्कीको जवाफ

प्रधानन्यायाधीशमा अनुमोदन हुनुअघि कार्कीले सुनुवाइ समितिमा सांसदहरूको प्रश्नको सामना गरेका थिए । कार्कीको अवधारणा र लामो कार्ययोजना सुनेका सांसदहरूले मुख्यतः छोटो कार्यकालमा गर्न सकिने न्यायालय सुधारको स्पष्ट खाका माग्दै आठ महिनामा कामु भएर गरेका कामबारे जानकारी दिन अनुरोध गरेका थिए । छोटो कार्यकालमा आफ्नो कार्ययोजना कसरी लागू गर्ने र न्यायालयको गरिमा कसरी बढाउने भन्नेमा सांसदहरूको चासो थियो ।

न्यायालयप्रति घट्दै गएको जनविश्वास, न्यायाधीश नियुक्तिमा ढिलाइ, मुद्दा फर्स्योटमा असमानता, अदालतमा भ्रष्टाचार र बिचौलिया नियन्त्रण, न्यायाधीशमाथि छानबिनका विभिन्न विकल्प, बहालवाला न्यायाधीशले नै आचारसंहिताविपरीत उजुरी दिएको, संक्रमणकालीन न्यायसम्बन्धी मुद्दामा अदालतको क्षेत्राधिकार र जग्गालगायत केही मुद्दामा भएका फैसलाबाट पीडितले न्याय नपाएको लगायत विषयमा सांसदहरूले प्रश्न गरेका थिए ।

त्यसबाहेक एउटै प्रकृतिको मुद्दामा फरक-फरक फैसला, संसद् विघटन र यति घन्टाभित्र प्रधानमन्त्री बनाउन राष्ट्रपतिलाई दिएको परमादेशजस्ता विकृत नजिरको सुधार, विकास निर्माणसम्बन्धी काममा अन्तरिम आदेशले अप्ट्यारो पारेको, सर्वोच्चको भवन निर्माणमा अनियमितता भएको, सुनुवाइ समितिको औचित्यमाथि प्रश्न उठाएको, सार्वजनिक सरोकारको मुद्दा भनेर जे विषयमा पनि मुद्दा दिएर भइरहेको न्यायालयको दुरुपयोग, समयमा मुद्दा नटुंगिने, गोला प्रथाबाट अटोमेसनमा जान भइरहेको ढिलाइ, खास राजनीतिक मुद्दामा सेटिङ हुने गरेको विषयमा कार्कीसँग जवाफ मागेका थिए ।



संसदीय सुनुवाई समितिमा कार्की

सुनुवाइको औचित्य

प्रधानन्यायाधीश कार्कीले संसदीय सुनुवाइको औचित्यको विषय सार्वजनिक रूपमा नै उठेको बताए । आफ्नो कार्ययोजनामा कार्कीले 'संविधानले राज्यका महत्त्वपूर्ण सार्वजनिक पदमा नियुक्त हुने पदाधिकारीबारे नागरिकको धारणा बुझ्ने तथा सार्वभौम संसद्को समितिसमक्ष संवैधानिक जिम्मेवारी र पदीय काम, कर्तव्यबारे आफ्नो सोच, अवधारणा र कार्ययोजना प्रस्तुत गर्न संसदीय सुनुवाइको व्यवस्था गरे पनि विभिन्न कोणबाट संसदीय सुनुवाइको औचित्यबारे प्रश्न उठेको यथार्थताको अनुभूति आफूलाई पनि भएको' उल्लेख गरेका थिए ।

यसमा सुनुवाइ समितिका अधिकांश सदस्यले विरोध जनाएपछि कार्कीले न्यायालय सुधारको अध्ययन गर्दा यो विषय उजागर भएको जवाफ दिए । 'समितिमा प्रस्तुत हुँदै गर्दा यो विषय आयो । अध्ययनका क्रममा न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्ण राख्नका लागि संवैधानिक परिषद्को संरचना, न्यायपरिषद्को संरचना, न्यायाधीशहरूको नियुक्ति र मापदण्डको सवालमा पनि संविधान र कानुन संशोधन गर्नुपर्ने महसुस गरिएको छ । यी विषय सम्बोधनका लागि विस्तृत अध्ययनको आवश्यकता भएको सन्दर्भमा सुनुवाइको विषय यहाँ राखेको हुँ,' उनले भने ।

फैसलामाथिको प्रश्न

कार्कीले जग्गालगायत विवादित फैसलाको विषय संसदीय समितिमा सम्बोधन गर्न नसक्ने जवाफ दिए । अदालतमा विचाराधीन विषय, भोलि उठ्न सक्ने विषय र हिजो भएका फैसलाका विषयमा त्रुटि भएमा न्यायिक प्रक्रियाबाट आए इजलासबाट सम्बोधन गर्न सकिने, तर संसदीय समितिमा राख्न नसकिने कार्कीको भनाइ थियो ।

'कुनै पनि इजलासले गरेको फैसलाबारे प्राज्ञिक र बौद्धिकस्तरमा टीकाटिप्पणी गर्न पाइन्छ । रचनात्मक ढंगबाट सैद्धान्तिक आलोचना गरेर सुधारमा टेवा पुग्छ । त्यो तथ्यमा आधारित हुनुपर्छ । तर, अनावश्यक लान्छना लगाएर अदालतलाई बदनाम गर्ने स्वीकार्य हुन सक्दैन,' उनले भने ।

कानुन र प्रमाण हेरेर न्यायाधीशले निर्णय लिने उल्लेख गर्दै मुद्दा कमजोर बनेर आए केही गर्न नसकिने उनले सुनाए । 'न्यायाधीशले प्रमाण उपेक्षा गर्न मिल्दैन । सम्पत्ति मुद्दा हेर्दा लिखित रूपमा आएको प्रमाण हेर्नुबाहेक अरू विकल्प हुँदैन । प्रमाणको विवेचना गर्दा कानुन र न्याय मिलाउने धर्मसंकट आउँछ । फैसला गर्न कठिनाइ आउँदा पाँचपटकसम्म मिलापत्र गर्न जोड दिन्छौं । फिल्डमै गएर मिलापत्र गराउन हामीले जनशक्ति पनि खटाउँछौं,' उनले भने ।

फैसला एकरूपताको प्रश्नमा कार्कीले विविधता देखिएको र समाजमा ठूलो असर दिने खालको फैसला वा नजिरमा एकरूपता कायम गर्न तहगत अदालत वा ठूलो इजलासबाट नियमित रूपमा निरूपण गरिरहेको जानकारी गराए ।

विकास निर्माणको प्रश्न

अदालतका आदेशले विकास निर्माणको काममा समस्या भएको विषयमा कार्कीले संविधानले नागरिकको सम्पत्तिको अधिकारलाई मौलिक हक मानेको र मौलिक अधिकारको संरक्षण गर्नु न्यायपालिकाको प्रमुख दायित्व भएको बताए । सम्पत्तिको अधिकारमा प्रतिकूल असर परे-नपरेको हेरेर न्याय निरूपण हुने गरेको उनको भनाइ थियो । यस्ता मुद्दामा आदेश लम्ब्याउने विकृति हटाउन अल्पकालीन अन्तरिम आदेश पाएकोलाई एक हप्ताभन्दा बढी तारेख र पेसी नदिने व्यवस्था गरिएको सुनाउँदै नागरिक अधिकार र विकास निर्माण कार्य दुवैलाई प्रतिकूल असर नपर्ने गरी बीचको बाटोबाट समस्या समाधानमा ध्यान दिएको कार्कीले बताए ।

न्यायाधीश नियुक्ति

न्यायाधीश नियुक्तिलाई नातावाद, कृपावाद र संरक्षणवादले प्रभावित पारेको विषय सर्वोच्चकै अध्ययन प्रतिवेदनले औंल्याएको भन्दै कार्कीले यसको सम्बोधनका लागि सर्वोच्चको जस्तै उच्च र जिल्ला अदालतका न्यायाधीशको सुनुवाइ गर्न लागेको बताए । नियुक्ति हुने न्यायाधीशको नाम तयार पारेर १५ दिने बारलगायत सरोकारवाला सबै ठाउँबाट उजुरी तथा सुझाव माग्ने र त्यसपछि पारदर्शी र समावेशी नियुक्ति प्रक्रिया थाल्ने गरी न्यायाधीश नियुक्ति निर्देशिका बनाएको जानकारी गराए ।

न्यायपरिषद्मा सदस्य रहने कानुनमन्त्रीको अनुपस्थितिमा न्यायाधीश नियुक्तिको सिफारिस नगर्ने प्रचलन रहेको र लामो समयसम्म कानुनमन्त्री नियुक्ति नहुँदा वा मन्त्रीले समय दिन नभ्याउँदा कायममुकायमको जिम्मेवारी सम्हालेको आठ महिनासम्म आफूले नियुक्तिको निर्णय लिन नसकेको कार्कीले सुनाए । आफूसहित साउनदेखि सर्वोच्चमा सातजना न्यायाधीश खाली हुन लागेको र उच्च अदालतमा पनि मुख्य न्यायाधीश खाली रहेको भन्दै अहिले नियुक्ति प्रक्रियाको अन्तिम चरणमा पुगेको र छिट्टै पूर्णता पाउने उनको भनाइ थियो ।

कार्कीले न्यायाधीश हुन आवश्यक अनुशासन, योग्यता, क्षमता, निष्ठा र इमान समावेश गरेर पाठ्यक्रम बनाउनुपर्ने र न्यूनतम अंक ल्याएर उत्तीर्ण गर्नेलाई न्यायाधीश बनाउने प्रणाली विकास गर्नुपर्ने बताए । 'यो प्रणाली लागू भएसँगै अहिले न्यायाधीशमा उठ्ने गरेका प्रश्नको ५० प्रतिशत समाधान हुन्छ । बाँकी ५० प्रतिशत व्यवहारबाट गर्नुपर्छ,' उनले भने, 'जुडिसियल एकेडेमीले जजेज कोर्सका लागि कोर्स अफ स्टडी अहिले डेभलप गर्दै छ । म जानुअघि नै कोर्स पारित हुने स्थितिमा पुगिन्छ । यसले न्यायाधीश नियुक्तिमा ठूलो फड्को मार्छ ।'

बहालवाला न्यायाधीशमाथि (महाभियोग लागेर निलम्बनबाहेक) छानबिनको विषयमा कार्कीले कुनै प्रणाली विकास गर्न सकिने बताए । महाभियोग सिफारिस समितिबाटै कार्यविधि बनाउन सकिने वा अन्य विकल्पका लागि अध्ययन गरेर जवाफदेही बनाउनुपर्ने उनको भनाइ थियो । महाभियोग कठिन बाटो भएको र फलाम चिउरा चपाउनेजस्तै महाभियोग पारित गर्न गाह्रो हुने संसारको अभ्यास रहेकाले छुट्टै ढंगबाट सम्बोधन गर्नुपर्ने उनले जोड दिए ।

मुद्दा फर्स्योट

सर्वोच्चमा मुद्दाको चाङ लाग्नुमा कानुन र संवैधानिक अड्चन रहेको भन्दै कार्कीले मुद्दा फर्स्योटको गति बढाउन अधिकार क्षेत्र पुनरावलोकन गरेर परीक्षणको अधिकार जिल्ला अदालतलाई दिनका लागि अध्ययन भइरहेको उनले बताए । सर्वोच्चमा न्यायाधीश खाली नभई सधैंभरि २१ जना नै हुने हो भने पुराना मुद्दा दुई वर्षभित्र फर्स्योट गर्न सकिने उनको भनाइ थियो ।

जिल्ला र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन प्रणाली लागू गर्न खोजिएको उल्लेख गर्दै ६ महिना, एक वर्ष र १८ महिनाभित्र मुद्दा फैसला गर्ने गरी सरल, सामान्य र विशेष मार्ग निर्धारण गरिएको र फैसलाको समय तोकेर क्यालेन्डर प्रणाली मुद्दाका पक्षलाई उपलब्ध गराएको उनले जानकारी गराए । यसका लागि कोटा तोकिएको र कोटा नसकिएसम्म नयाँ मुद्दा नदिने व्यवस्था गरिएको बताए । मुद्दा चाप भएका अदालतको पहिचान गरिसकिएको र टोकल प्रणाली लागू गरेर तोकिएको समयभित्रै सेवा दिने जवाफदेहिता सिर्जना गरिएको कार्कीले बताए । अनियमितता हुन नदिन सबै अदालतमा लाग्ने दस्तुर बैंकमा बुझाएर भौचर लिने पद्धति विकास गरिसकेको उनको भनाइ थियो ।

अदालतमा २९ किसिमका बिचौलिया रहेको र समाजका कुनै पनि क्षेत्र अछुतो नरहेकाले सेवाग्राहीबाहेक अन्यलाई अदालत प्रवेशमा निषेध गरिएको बताए । पारिवारिक मुद्दा सबैभन्दा पेचिलो भएकाले पारिवारिक अदालतको अवधारणा अघि सारिएको उनले जानकारी गराए ।

अटोमेसन प्रणाली

स्रोत-साधनको अभाव देखाएर अटोमेसनमा जान आलटाल गरेको प्रश्नमा कार्कीले स्वचालित प्रणाली लागू गर्ने निर्णय फुलकोर्टबाट भइसकेको जानकारी गराउँदै यो लागू नहुनजेल गोला प्रणालीबाट पेसी व्यवस्थापन भइरहेको बताए । अटोमेसनमा जानका लागि स्थायी जनशक्ति व्यवस्थापन जरुरी रहेको उनले औंल्याए ।

'मेसिनमा जाँदा कम्प्युटर चलाउने मान्छेले प्रभावित पार्दैन भन्ने सुनिश्चित कसरी गर्ने प्रश्न छ । यसमा सेक्युरिटी अडिट गर्ने सिस्टम छ, त्यो पनि ६ महिनापछि हुने रहेछ । ६ महिनाका लागि बजेट एक अर्ब हुन्छ । हामीले तीन-तीन महिना गरौं भन्यौं, तर भएन । यसमा राम्रो तयारी हुनुपर्छ । एक मिनेट पनि विद्युत् नजाने सुनिश्चितता हुनुपर्छ । मेसिन चलाउन विद्युत् आवश्यक हुन्छ । डेडिकेटेट लाइन वा अन्य वैकल्पिक व्यवस्था गरेर जाने छलफल चलिरहेको छ,' उनले भने । गोला प्रणाली लागू भएपछि न्यायालयको छवि धमिल्याउने टिप्पणी धेरै कम भएको कार्कीको भनाइ थियो ।

संक्रमणकालीन न्याय

संक्रमणकालीन न्यायसम्बन्धी विषय सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र पर्छ कि पर्दैन भन्ने प्रश्नमा कार्कीले स्पष्ट जवाफ दिएनन् । यो विषय अहिले अदालतमा विचाराधीन रहेको भन्दै यसमा लिने निर्णयले पर्न सक्ने असर र क्षेत्राधिकार हेरेर अघि बढ्ने बताए । 'त्यहाँ असर पर्छ कि पर्दैन ? क्षेत्राधिकारमा जाने स्थिति हो कि होइन ? भन्ने कुराको मूल्यांकन गरेर त्यसपछि त्यही क्षेत्राधिकारभित्र रहेछ भने त्यही पठाउन सक्छ,' उनले भने ।

बहालवाला न्यायाधीशको उजुरी

न्यायिक मर्यादा र आचारसंहिताविपरीत बहालवाला न्यायाधीशले उजुरी दिएको र उजुरीकर्ताको नेतृत्व गरेर उच्छृंखल गतिविधि गरेको प्रश्नमा कार्कीले यो विषयलाई नियमनकारी निकाय न्यायपरिषद्ले गम्भीरतापूर्वक लिने बताए । उनले उजुरीकर्ताले आफूमाथि लगाएको एउटा पनि आरोप प्रमाणित भए पदमा नबस्ने चुनौती दिए । 'ममाथि लागेका आरोप सत्यतामा आधारित छ भने अनुसन्धान गरेर प्रमाणित भएमा राजीनामा दिन्छु । प्रचलित कानुनबमोजिमको सजाय भोग्न तयार छु,' उनले भने । न्यायपालिकामा शुद्धता चाहिने भनेर लागेको भन्दै न्याय किनबेचविरुद्ध खरो उत्रिने उनले प्रतिबद्धता जनाए ।

गुन्डा लगाएर...

पृष्ठ १ बाट क्रमशः

भाइबुहारी रञ्जनकुमारी र १२ वर्षीया छोरी लक्ष्मी घाइते भएका छन् । गम्भीर अवस्थामा रहेकी जागोदेवीलाई राजविराजस्थित अस्पतालले थप उपचारका लागि धरानको बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रेफर गरेको छ । उनको टाउकोमा गम्भीर चोट लागेको छ । उनको र विजयको शरीरभर नीलडाम छन् ।

साहुकार वेदनारायणसँग विजयले करिब पाँच वर्षअघि चार लाख ऋण लिएका थिए । त्यसका लागि घरसहितको दुई कट्ठा जग्गा पास गरेका थिए । ऋण चुक्ता गरेपछि जग्गा फिर्ता गरिदिने प्रतिबद्धता साहुकारको थियो । विजयको परिवारले चार लाख ऋणको अहिलेसम्म ६ लाख तिरिसक्यो । तर, 'अझै बाँकी छ' भन्दै साहुकार वेदनारायणले ज्यादती गरिरहेका छन् । ऋण तिर्दातिर्दै विजयका बुबा भुवनेश्वरको गत दसैंको वेला निधन भएको थियो ।

बिहीबार दिउँसो ११ बजेतिर एक दर्जन गुन्डासहित विजयको घरमा पुगेर तोडफोड गर्नुका साथै परिवारका सदस्यलाई कुटपिट गरे । हथौडा, खुकुरी, लाठीलगायतका हतियारसहित आएका उनीहरूले सुरुमा आँगनमा रहेकी विजयकी पत्नीलाई कुटपिट गरे । विजय सन्चो नभएर सुतिरहेका थिए । उनलाई तानेर कुटपिट गर्दै हातखुट्टा आँगनकै पदमको बोटमा बाँधे । बाँधिसकेपछि पनि कुटपिट गरिरहे । केहीले घर (गोठ) तोडफोड गर्न थाले ।

'रूखमा हातखुट्टा बाँधिसकेपछि पनि दनादन कुटपिट गरिरहे । म चिच्याइरहैं, तर उनीहरू थप कुटे बेहोस बनाउने गरी,' आमासँगै धरानमा उपचार गराइरहेका विजयले नयाँ पत्रिकासँग भने । विजयलाई कुटपिट गरेको र घर तोडफोड गरेको देखेर उनकी आमा जागोदेवीले प्रतिवाद गर्न खोजिन् । तर, गुन्डाहरूले उनलाई पनि कुटपिट गरे र बाँधे । विजयकी पत्नी पुष्पाका लुगा च्यातेर कुटपिट गरे । भाइबुहारी रञ्जन र छोरी लक्ष्मी छिमेकीसँग गुहार माग्दै चिच्याएपछि उनीहरूलाई पनि ढाडमा हिर्काए ।

केहीले घर तोडफोड गरिरहेका थिए । भित्र भएका लत्ताकपडा र गहुँ, चामलसहितको अन्नपात आँगनमै रहेको इनारमा फालिदिए । हात नबाँधीकनै नियन्त्रणमा लिइएका पुष्पा, रञ्जनदेवी र लक्ष्मी यो सबै टुलुटुलु हेर्न विवश भए । धेरै छिमेकी गाईगोरु चराउन खेतमा थिए, केही विजयको घरनजिक पनि पुगेका थिए । तर, हतियारसहितका गुन्डाहरूसँग उनीहरू डराए । यसअघि गत चैतमा पनि वेदनारायणले विजयको घर भत्काइदिएका थिए । त्यसपछि उनीहरू गोठमा बस्न थालेका थिए ।

केहीबेरपछि विजयका काका छिमेकीसँग गुहार माग्दै चिच्याए । त्यसपछि गाउँले जम्मा भए । त्यसपछि गुन्डाहरू भाग्न थाले । तर, वेदनारायणसहित सञ्जयकुमार यादव, विकेशकुमार मण्डल, धर्मदेव मण्डल र धीरजकुमार यादवलाई गाउँलेले समात्न सफल भए । बाँकी भाग्न सफल भए । समातिएकालाई गाउँलेले प्रहरीको जिम्मा लगाएका छन् ।

शुक्रबार विजयकी भाइबुहारी रञ्जनदेवीले प्रहरीमा जाहेरी दिएकी छिन् । 'ज्यान मार्ने उद्योगमा मुद्दाको जाहेरी आएको छ, हामीले घाउजाँच र घटनास्थल मुचुल्का गर्न काम अघि बढाएका छौं,' इलाका प्रहरी कार्यालय कञ्चनपुरका इन्स्पेक्टर रमेश तिमिल्सिनाले भने, 'अनुसन्धान भइरहेको छ ।' घर भत्काउने, लत्ताकपडा र अन्नपात इनारमा फाल्दा करिब अढाई लाखबराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सिंगो गाउँ नै पीडित

साहुकार वेदनारायण यादवको ज्यादतीबाट विजय यादवको परिवार मात्र होइन, बथनाहाका धेरै गरिब पीडित बनेका छन् । स्थानीय कमलीदेवी सरदार, बलदेव सरदार, गोविन्द सरदार, महावतीदेवी सरदारलगायतका दर्जनौं सर्वसाधारणलाई उनले थोरै ऋण दिएर मिटरब्याज उठाउने मात्रै नभएर जग्गासमेत हडपेका छन् । 'सात वर्षअघि घर बनाउन २१ कट्ठा जग्गा पास गरेर वेदनारायणबाट तीन लाख ऋण लिएको थिएँ, त्यसको २२ लाख बुझाइसकेको छु, अझै बाँकी छ भनेर माग्दै छ,' पीडित बलदेवले भने, 'यसबाहेक १० कट्ठा जग्गा त उसले हडपेको छ ।'

हातखुट्टा रुखमा...

पृष्ठ १ बाट क्रमशः

सताएछ । घर आइसकेपछि मैले पनि धेरैपटक जग्गा फिर्ता दिन अनुरोध गरैं । तर, कहिले के कहिले के भनेर टार्ने । 'पैसा तिर्न बाँकी छ, यो घरजग्गा खाली गर मेरो भइसक्यो' भन्ने । यही तनावले गत दसैंमा बुबा बित्नुभयो । पछि न्यायिक समितिमा उजुरी दिएँ । उसले गत चैतमा आएर मेरो घर भत्कायो, सँगैको गोठमा सुत्नुपऱ्यो । यो कुरा मैले गाउँलेलाई सुनाएँ । उनीहरूले साहुकार वेदनारायण र उनकी आमालाई बोलाउन भने । बोलाउन जाँदा वेदनारायण राजविराज भागे । आमाले 'अहिले फुर्सद छैन, भोलि-पर्सि बसौंला' भनेर अनेक बहाना गरिन् । पटक-पटक यस्तो गरियो । यही विवाद चलिरहेको थियो ।

बिहीबार बिहान ११ बजेतिर त वेदनारायण १०-१२ जना गुन्डा लिएर आए । म सन्चो नभएर सुतिरहेको थिएँ । मेरी श्रीमती (पुष्पा) आँगनमा थिइन्, सुरुमा उनलाई झापड लगाए । त्यसपछि मलाई कुटपिट गर्न थाले । हातखुट्टा पदमको बोटमा बाँधे । त्यसपछि दनादन कुटिरहे, म चिच्याइरहैं । तर, उनीहरूले कुट्न छाडेनन्, बेहोस बनाउने गरी कुटे । उसका केटाहरू हथौडा, खुकुरी, लाठीसहितका हतियार लिएर आएका थिए । कोही घर तोडफोड गर्न थाले । घरमा भएका लत्ताकपडा र अन्नपात इनारमा फालिदिए ।

आमा जागोदेवी 'छोरालाई किन मारपिट गरेको ? घर तोडफोड किन गरेका छौ ?' भनेर गाली गर्न थाल्नुभयो । उहाँलाई पनि पिटे । टाउकोमा हाने, जिउभरि हाने । आमाको पनि हात रूखमा बाँधे । हामी चिच्याउँदै थियौं । धेरै गाउँले गाईभैंसी चराउन खेतमा थिए । केही हाम्रो आँगननजिक आएर हेरिरहे । तर, हातहतियारसहितका गुन्डा भएकाले अगाडि बढ्न उनीहरूलाई आँट आएन ।

भाइबुहारी (रञ्जनदेवी) र छोरी (लक्ष्मी) गुहार माग्दै चिच्याए । उनीहरूलाई पनि कुटे । काका आएर चिच्याए, उनलाई पनि कुटे । केही बेरपछि गाउँलेहरू आए । गाउँले जम्मा भएपछि भने गुन्डाहरू भाग्न खोजे । तर, वेदनारायणसहित पाँच जनालाई समाते, बाँकी भागे ।

गाउँलेले हामीलाई राजविराज अस्पताल पुऱ्याए । मलाई यति पिटेका थिए कि अस्पताल पुऱ्याउनेबित्तिकै बेहोस भएँ । आमालाई टाउको र शरीरभर ठूलो चोट लागेको छ । राजविराजबाट यहाँ धरान पठायो । अहिले दबाई चलिरहेको छ । एक्सरे, सिटिस्क्यान गराएका छौं । यो त ठूलो गुन्डागर्दी भयो । हामी गरिबमाथि ठूलो अन्याय भयो । हामीलाई न्याय चाहियो । सरकारले न्याय दिनुपर्छ ।

हाई प्रोफाइल...

पृष्ठ १ बाट क्रमशः

सकिने अवस्था देखिएन,' अदालतको आदेशमा छ ।

कसुरको गम्भीरता र उनीहरूलाई हुन सक्ने सजायलाई समेत आधार बनाएर अदालतले १६ जनालाई थुनामा पठाएको हो । रायमाझी र खाणसहित पूर्वगृसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका अध्यक्ष शमशेर मियाँ जेल चलान भएका छन् । आदेशसँगै रायमाझी प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २४८ को उपनियम ३ अनुसार प्रतिनिधिसभा सदस्यबाट निलम्बन भएका छन् ।

त्यस्तै, खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राईलाई थुनामा पठाएको हो । मुद्दाको अन्तिम फैसला नहुँदासम्मका लागि जिल्ला अदालतले थुनामा पठाएको हो । यद्यपि, प्रतिवादीहरू आदेशविरुद्ध माथिल्लो अदालत जान सक्नेछन् ।

अदालतले भन्यो- नक्कली प्रतिवेदन बनाएको देखियो

थुनछेक आदेशमा गृह मन्त्रालयमा रहेको भुटानी शरणार्थीसम्बन्धी प्रतिवेदनमा फेरबदल भेटिएको उल्लेख छ । इजलासले आदेशमार्फत प्रतिवेदन दुईथरी भएको जनाउँदै धेरै ठाउँमा फेरबदल भएको निष्कर्ष निकालेको छ ।

अनुसन्धानका क्रममा गृह मन्त्रालयबाट २६ वैशाखमा निर्णय र भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समस्या समाधानका उपायका सम्बन्धमा तयार गरिएको प्रतिवेदन, २०७६ पठाइएको थियो । तर, यो प्रतिवेदन १३ मंसिर ०७८ मा मन्त्रिपरिषद्को प्रस्तावसाथ पठाइएको प्रतिवेदनभन्दा केही भिन्न छ । मन्त्रिपरिषद्को प्रस्तावसाथ पठाइएको प्रतिवेदनको अनुसूचीको तालिका खण्डमा नौवटा तालिका छन् भने अनुसन्धानका क्रममा प्राप्त प्रतिवेदनमा १० सम्म देखिएको छ ।

यसैगरी, एउटामा तोक आदेश छ भने अर्कोमा छैन । पृष्ठ ३ को ६ नम्बर अन्तिम बुँदामा अन्तिम वाक्यको व्यहोरा फरक देखिएको, पृष्ठ १०, १३ मा पनि फरक भेटिएको जस्ता विषय अदालतले आदेशमा उल्लेख गरेको छ ।

'उक्त दुवै प्रतिवेदन एक-अर्कामा भिडाई हेर्दा मिति २०७८/०८/१३ को मन्त्रिपरिषद् प्रस्तावसाथ पठाइएको प्रतिवेदन र गृह मन्त्रालयको अभिलेख शाखामा रहेको ... मिति २०८०/०१/२६ को पत्रसाथ प्राप्त प्रतिवेदनको व्यहोरामा धेरै ठाउँमा फेरबदल गरी फरक पारिएको देखिएको छ,' आदेशमा छ । प्रतिवेदन किर्ते गरी त्यसमा आठ सय ७५ जना नेपालीको नाम छुट शरणार्थीको सूचीमा थपिएको थियो । त्यही सूची देखाएर सर्वसाधारणसँग करोडौं रुपैयाँ उठाई अमेरिका लैजाने प्रलोभन दिइएको थियो ।

कुन आधारमा...

पृष्ठ १ बाट क्रमशः

■ इन्द्रजित राई

व्यक्तिगत सुरक्षा अधिकृतले इन्द्रजित राईको कार्यकक्षमा हात हालाहाल हुँदा आफूले छुट्टाएको कागज गरेको । सानु भण्डारीको कोठाबाट बरामद डायरीमा नाम रहेको । टेकनाथ रिजाल र टोपबहादुर रायमाझीको बयानबाट कसुरमा संलग्नता देखिएको ।

■ आङटावा शेर्पा

किटानी जाहेरी परेको । हिरासतमा रहेका प्रतिवादीलाई भेटेर पीडितको रकम फिर्ता गराउन चाहेको । बालकृष्ण खाणलाई पोल नगर्ने सहमति भएको भनी बोलेको भिडियो । पोलिग्राफ परीक्षणमा इन्कारी बयान झुटो देखिएको । सानु भण्डारीको घरबाट बरामद डायरीमा हस्ताक्षर शेर्पाकै रहेको । अनुसन्धान अधिकारीसमक्ष गरेको कागजको भिडियो रेकर्डका कारण कसुरमा संलग्नता देखिने ।

■ शमशेर मियाँ

सरकारले उपलब्ध गराएको गाडी प्रतिवादी सन्देश शर्मालाई उपलब्ध गराएको । एक दिन नभई सात दिनसम्म गाडी प्रयोग गर्न दिई सरकारी सुविधाको चरम दुरुपयोग गरी आरोपित कसुरमा सहयोग गरेको ।

कारागार पुगेपछि इन्द्रजित राईले सोधे- यहाँ के-के खान पाइन्छ ?

एउटै कोठामा राख्न रायमाझी बाउ-छोराको आग्रह



अभियुक्तहरूलाई कारागार लगिँदै । तस्बिर : **दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

काठमाडौं/ नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा जिल्ला अदालतको आदेशमा कारागार चलान भएका १६ अभियुक्तलाई सुन्धारास्थित केन्द्रीय कारागारमा पठाइएको छ । जहाँ दुईवटा छुट्टाछुट्टै ब्लकमा आठ-आठजना राखिएको कारागार प्रशासनले जनाएको छ ।

नेताद्वय टोपबहादुर रायमाझी र बालकृष्ण खाणलाई एउटै ब्लकमा राखिएको छ । उनीहरूलाई भद्र बन्दीगृहमा राखिएको केन्द्रीय कारागारका जेलर ललितकुमार बस्नेतले बताए । टोपबहादुरका छोरा सन्दीप पनि सोही ब्लकमा छन् । रायमाझी बाउ-छोराले आफूहरूलाई एउटै कोठामा राखिदिन आग्रह गरेका थिए । तर, कारागार प्रशासनले त्यो सम्भव नभएको भन्दै सँगै राख्न मानेन ।

त्यस्तै, खाणका सहयोगी नरेन्द्र केसी, हज कमिटीका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद् आङटावा शेर्पा र बिचौलियाद्वय रामशरण केसी र गोविन्द चौधरीलाई भद्र बन्दीगृहमा राखिएको छ । भद्र बन्दीगृहमा करिब एक हजार एक सय कैदी-बन्दी छन् ।

त्यस्तै, पूर्वगृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, इन्द्रजित राई, केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, हरिभक्त महर्जन र सागर थुलुङ राईलाई केन्द्रीय कारागारको ब्लकमा राखिएको छ । केन्द्रीय कारागारको ब्लकमा करिब दुई हजार कैदी-बन्दी छन् । दुवै ब्लकमा छुट्टाछुट्टै चौकीदार छन् ।

अदालतको आदेशअनुसार १६ जनालाई फोटो खिचेर उनीहरूको अभिलेख दर्ता गराई कारागारभित्र राखिएको थियो । भित्र पुगेपछि इन्द्रजित राईले 'यहाँ के-के खान पाइन्छ ?' भनेर कारागार प्रशासनसँग सोधेका थिए ।

आफू मधुमेहको बिरामी भएकाले भात नखाने र रोटी चाहिने उनको भनाइ थियो । रोटीको व्यवस्था हुने जेलर ललित बस्नेतले जानकारी गराएपछि उनले घरबाट खाना ल्याउन पाइन्छ कि पाइँदैन भनेर सोधेका थिए । पकाएको खानेकुरा जेलभित्र लैजान बन्देज छ ।

जेलभित्र सबैलाई समान व्यवहार हुने जेलर बस्नेत बताउँछन् । 'जेलभित्र कोही सानो-ठूलो हुँदैन, सबैलाई यहाँ समान सेवा-सुविधा हुन्छ,' उनले भने ।

जम्मा एक हजार पाँच सय क्षमता भएको केन्द्रीय कारागारभित्र करिब तीन हजार चार सय कैदी-बन्दी छन् । केन्द्रीय कारागारभित्र तीनवटा ब्लक छन् । केन्द्र, भद्र बन्दीगृह र महिला कारागार । क्षमताभन्दा धेरै कैदी-बन्दी भएकाले व्यवस्थापनमा समस्या भएको जेलर बस्नेत बताउँछन् । कैदी-बन्दीले दैनिक ८० रुपैयाँ भत्ता र सात सय ग्राम चामलको सुविधा राज्यबाट पाउँछन् ।

प्रहरीले दोस्रो चरणको अनुसन्धान अघि बढायो

पहिलो चरणको अनुसन्धानमा प्रमाण नपुगेका विषयमा प्रहरीले दोस्रो चरणमा अनुसन्धान थालेको छ । अभियुक्तले बयानमा नाम लिएका तथा स्वतन्त्र प्रमाणले पुष्टि हुन नसकेका व्यक्तिहरूमाथि प्रहरीले दोस्रो चरणमा अनुसन्धान थालेको हो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख डा. मनोज केसी भन्छन्, 'दोस्रो चरणको अनुसन्धान चलिने रहेको छ, फरार अभियुक्त

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २ असार ०८०
nayapatrikaofficial @naya_patrika

विवादबीच एमालेले महाकाली सन्धिको पक्षमा निर्णय गर्दा...

जब मेरो नाम आउँछ, महाकाली सन्धिसँग जोडेर चर्चा गर्छन् । कतिपयले सन्धिको पक्षमा मत दिएर मैले 'राष्ट्रघात' गरेको आरोप लगाउँछन् । तर, त्यो मान्न म कहिल्यै तयार छैन ।



संस्मरण

तस्बिर : ज्ञानेन्द्र कार्की

देवराज घिमिरे, सभामुख, प्रतिनिधिसभा

करिब ४५ वर्षदेखि निरन्तर राजनीतिमा सक्रिय रहेर पनि गुमनाम नेताका रूपमा चिनिन्थे, देवराज घिमिरे । २०५६ मा राष्ट्रिय सभा सदस्य भएका उनी यसपटक प्रतिनिधिसभाको चुनाव जिते र सभामुख बने । उनी पार्टीभित्र संगठन विस्तारमा सक्रिय नेताका रूपमा चिनिन्छन् । महाकाली सन्धिको मुद्दामा पार्टीभित्र मतभेद हुँदा निर्णायक सदस्यका रूपमा सन्धिको पक्षमा मतदान गरेका कारण उनलाई 'राष्ट्रघात'को आरोपसमेत लाग्ने गर्छ । घिमिरेले अनिल यादवसँग आफ्नो विगत यसरी सम्झिए :

४५ वर्षे लामो राजनीतिक जीवन बिताउँदै गर्दा मैले अनेक उतारचढावहरू देखेँ, भोगेँ । परिवारको हिसाबले म मध्यमवर्गीय परिवारकै हुँ । तर, जनताको जीवनमा कसरी परिवर्तन ल्याउने भनेर म बच्चै वेलादेखि सोच्थेँ । त्यतिवेला चीन भर्खर-भर्खरै स्वतन्त्र भएको थियो । गरिब चीन पनि धनी भयो भन्दै यहाँ चिनियाँ चर्चा र प्रभाव धेरै परेको थियो ।

हाम्रो समाज चीनको जस्तो हुन्छ, हुँदैन र यस्तो कसरी बनाउने भनेर राजनीतिक वृत्तमा विमर्श सुरु भएको थियो । मचाहिँ कम्युनिस्ट शासनमा 'शोषण र दुःख हुँदैन', 'देश र जनताले मुक्ति पाउँछन्' भन्ने विचारबाट बढी प्रभावित भएँ । साम्राज्यवादविरुद्धको गतिविधिका कारण होला, म विद्यार्थी जीवनदेखि राजनीतिमा होमिएँ ।

भारतले सिक्किम खायो जस्तो कुराहरूले खुब दुख्थ्यो । शोषणको विरोध गर्ने झापालीहरूले त्यहाँ शोषकलाई काट्ने, मार्ने गरेर लाल सेना बनाउँछन्, ती लाल सेनाले जनता र राष्ट्रलाई मुक्ति दिन्छन् भन्ने कुराबाट म विद्यार्थी हुँदादेखि नै बढी प्रभावित थिएँ ।

त्यतिवेला यदाकदा कम्युनिस्टहरू मुखका मात्रै हुन्थे भन्ने भाष्य थियो । तर, झापा विद्रोहले व्यवहारमा उत्रिएका कम्युनिस्ट भनेका झापाका हुन् भन्ने पुष्टि भयो, जसलाई सुखानीमा लगेर गोली ठोक्दा पनि माफी मागेनन् । माफी मागेको भए जीवनदान पाउँथे होलान् । तर, उनीहरूले माफी मागेनन्, समाज बदल्नलाई जीवन समर्पण गर्नुपर्छ भन्ने उनीहरूको कथाबाट म साँच्चै प्रेरित भएँ ।

अनि आएँ राजनीतिमा

०३० सालतिरको कुरा हो । म १७ वर्षको थिएँ । भर्खर-भर्खर धरान क्याम्पसमा भर्ना भएको थिएँ । विद्यार्थी राजनीतिको रस पसिसकेको थियो । स्ववियूको चुनाव पनि लडिसकेको थिएँ । तर, जब झापाको सुखानी पुर्ुँ, मभित्र राजनीतिक चाहानाको आगो झन् दन्कियो ।

त्यतिवेला पार्टीका नेता रत्नकुमार बान्तवा भूमिगत हुनुहुन्थ्यो । उहाँलाई भेट्न म इलाम जाँदै थिएँ । त्यही क्रममा सहिदहरूलाई गोली हानेर मारिएको भनिएको ठाउँ सुखानी हेर्न मन लाग्यो । जब सुखानी पुर्ुँ, सहिदहरूलाई आगो लगाएर छाप्राहरू डढाएको ठाउँमा कोइलाहरू टन्नै थिए । कम्युनिजमको पक्षमा वकालत गरेबापत उनीहरूलाई मारियो भन्ने सुनेको थिएँ । जसले जनताको जीविका र राष्ट्रको स्वतन्त्रताका लागि लड्यो, उनीहरूलाई यसरी मारे भन्ने सुनेपछि झन् प्रेरणा मिल्यो । सुखानी पुगेपछि अब पार्टीमा समर्पित भएर लाग्नुपर्छ, परिवर्तनका लागि लड्न तयार हुनुपर्छ भन्ने भावना बढेर गयो । सुखानीसँग म यति नजिक भएँ कि बहुदल आएपछि मैले नै सुखानीका सहिदहरूको स्मृतिमा संस्था दर्ता गर्नेदेखि नेतृत्व गर्ने कामसम्म गरेँ ।

त्यो भूमिगत जीवन

तत्कालीन राजा महेन्द्रले सुरु गरेको दलविहीन पञ्चायती व्यवस्थाको चौतर्फी विरोध भएपछि ०३६ सालमा जनमत संग्रह गर्ने घोषणा भयो । नेपालमा बहुदल वा तत्कालीन शासनरत पञ्चायती व्यवस्था मान्ने भनेर जनमत लिने घोषणा भयो । त्यतिवेला झापा विद्रोहपछि कोअर्डिनेसन केन्द्र (कोके) बनेको थियो । त्यो केन्द्र नै पछि नेकपा माले हुन पुग्यो ।

म 'कोके'मा आबद्ध थिएँ त्यतिवेला । 'कोके'को विद्यार्थी संगठन हुँदै पार्टी कमिटीमा आबद्ध भएँ । हाम्रो पार्टीको नाराचाहिँ बहुदल र निर्दल दुवै एउटै हुन्, यो षड्यन्त्र र धोका हो, यसको भण्डाफोर गर्नुपर्छ भन्ने थियो । त्यही क्रममा ताप्लेजुङमा एक दिन बहुदल पक्षधर कांग्रेसीको आमसभा थियो । म त्यहीं सिनाममा रहेको शारदा निम्न माध्यमिक विद्यालयको हेडमास्टर थिएँ । भलै हेडमास्टर देखावटी थियो, बढी म पार्टीमै कार्यरत थिएँ । हाम्रो पार्टीको नीति दुवैको भण्डाफोर गर्ने भएका कारण हामीले कांग्रेसको आमसभालाई पूरै बिथोल्न सफल भयौं । बिथोल्ने क्रममा धेरै घाइते भए । एकजनाको ज्यानसम्म गयो ।

त्यसको केही समयपछि तत्कालीन पञ्चायत मन्त्री विष्णुबहादुर मादेन म हेडमास्टर भएकै स्कुलमा निर्दलको प्रचार गर्न आउने कार्यक्रम तय भयो । ठ्याक्कै त्यही वेला हाम्रो पार्टीको नीति फेरियो, अब बहुदललाई समर्थन गर्ने भन्ने निर्देशन आयो ।

त्यसपछि निर्दलवादीलाई झन् हान्नुपर्ने भयो । मन्त्रीका विरुद्ध बाटोमै आक्रमण गर्ने, रोक्ने जस्ता कोसिस भए । तर, सफल भएनौं । त्यतिवेला मन्त्रीले वरिपरि १७ वटै ठाउँको पञ्चायत बोलाएका थिए । हामीले चाहिँ सबै पञ्चलाई थर्काएर खबरदारीसहित चिठी पठाएका थियौं । त्यसपछि स्कुलका विद्यार्थीसहित सबै मिलेर होहल्ला गरी मन्त्रीलाई लखेटी छाड्यौं । त्यसपछि हो, मविरुद्ध प्रहरीले वारेन्ट जारी गरेको । वारेन्ट जारी भएपछि म भूमिगत भएँ पार्टीको संगठन विस्तारमा लागेँ । त्यसो त त्यसको एक वर्षअघिदेखि नै म टार्गेटमा थिएँ । लुकिछिपी नै हिँडिरहेको थिएँ । स्कुल पनि वेलाबखत मात्रै हाजिर गर्न पुग्थेँ ।

प्रहरीले मामा हरि नेपाललाई मारेपछि स्थिति तनावग्रस्त बनिसकेको थियो । ०३६ सालमा सेल्टरदाताले नै सूचना दिएर संखुवासभामा उहाँ मारिनुभएको थियो । त्यतिवेला चन्द्रबहादुर पुरी, वासु शाक्यलगायत संखुवासभाका नेताहरूले झापा संघर्षपछि गोपाल श्रेष्ठको हत्या गरे । हत्यापछि उनीहरू 'वान्टेड' भए । हामीले ताप्लेजुङतिर लुकाएर बचायौं ।

पछि एक दिन आफ्नो घर गएका वेला प्रहरीले सुराकीमार्फत थाहा पायो । चन्द्र पुरीलाई चारैतिरबाट घेराउ गरेर फायरिङ गऱ्यो । त्यतिवेला चन्द्रसँग जमिनदार गोपालको बन्दुक थियो । त्यही बन्दुकको सहारामा ऊ प्रहरीलाई फायरिङ गरेर फरार हुन सफल भयो । त्यसपछि उसलाई हामीले ताप्लेजुङमा राखेर संगठनको काममा खटाइरहेका थियौं ।

पछि चन्द्रकी श्रीमती गर्भवती छिन्, उनलाई प्रहरीले पत्रेर लान सक्छ भन्ने सूचनासहित मामा हरि नेपाल ताप्लेजुङ आइपुग्नुभयो । उहाँहरूलाई ताप्लेजुङबाट राति बिदा गर्ने काम भयो । फर्किंदा जुन घरमा राति गएर बस्नुभयो, त्यो घरको मान्छेचाहिँ चन्द्र पुरीकी श्रीमतीसँग सम्बन्धमा रहेछन् । उसैले प्रहरीलाई सुराकी बनेर चन्द्र र हरि आएको सूचना दिए । प्रहरी राति नै आइपुग्यो । आत्मसमर्पण गर्न भन्यो । तर, उनीहरू तयार भएनन् । दुवैलाई प्रहरीले माऱ्यो ।

त्यतिवेला म भर्खरै भूमिगत भएको थिएँ । उहाँलाई मारिएपछि ताप्लेजुङमा यति ठूलो दमन भयो कि दिउँसो कतै पनि हिँड्ने अवस्था बनेन ।

१२ वर्षसम्म भूमिगत भएरै संगठन विस्तारमा लागेँ । यसबीच ठाउँठाउँमा घेराबन्दी तोडेर हिँडियो । त्यतिवेला हामीले हतियार बोकेर, सेना बनाएर हिँड्दैथ्यौं । लुकेर, मान्छेको मन जितेर मात्रै संगठन बनाउँथ्यौं । त्यसवेला सानो स्वर काम लाग्थ्यो, ठूलो स्वरको काम थिएन । पूर्वका पहाडी जिल्लामा धेरै काम लुकेरै गरियो ।

दिउँसभरि पूरै लुकेर बसिन्थ्यो । रात परेपछि एक गाउँबाट अर्को गाउँ, एक घरबाट अर्को घर पुगिन्थ्यो । नुहाउने-धुवाउने सबै काम राति नै गरिन्थ्यो । दिउँसो कोठामै लेख्ने-पढ्ने गरिन्थ्यो । रातभरि हिँडेको अवस्थामा दिउँसोभर सुत्ने गरिन्थ्यो । बिजुली त छँदै थिएन, त्यसैले सबै ढोका बन्द गरेर बत्तीको सहारामा पढिन्थ्यो । उज्यालो कहीं देख्यो कि पक्राउ पर्ने डर हुन्थ्यो ।

जहाँ हामी बस्थ्यौं, त्यसलाई सेल्टर भन्थ्यौं । कुनै कार्यकर्ता साथीको घरमा जाँदा पहिले काठमाडौंबाट आएको साथी भन्दै चिनाउँथ्यौं । बुबाआमासँग सामान्य व्यवहार गर्ने, कार्यकर्तासँग गोप्य रूपमा संगठनको कुरा गर्ने । बिस्तारै परिवारका सदस्यलाई पनि 'कन्भिन्स्ड' गराइन्थ्यो ।

> १२ वर्षसम्म भूमिगत भएरै संगठन विस्तारमा लागेँ । यसबीच ठाउँ-ठाउँमा घेराबन्दी तोडेर हिँडियो । त्यतिवेला हामीले हतियार बोकेर, सेना बनाएर हिँड्थ्यौं । लुकेर, मान्छेको मन जितेर मात्रै संगठन बनाउँथ्यौं । त्यसवेला सानो स्वर काम लाग्थ्यो, ठूलो स्वरको काम थिएन । पूर्वका पहाडी जिल्लामा धेरै काम लुकेरै गरियो ।



नुहाउँदा-नुहाउँदै प्रहरी आएपछि...

भूमिगत कालका अनगिन्ती सम्झना छन् । ०४५ सालको कुरा हो । ठूलो भूकम्प जानु केही समयअघि पार्टीको महत्त्वपूर्ण सामग्री लिएर म इलामको एउटा सेल्टरमा पुगेको थिएँ । सामग्री आफैं बोकेर जाँदा पक्राउ पर्ने डरले झोला एकजना विद्यार्थीलाई राख्न दिएको थिएँ । त्यतिवेला प्रहरीले थाहा पाएर पूरै घर घेराउ गर्न आइपुग्यो । हतियार नभए पनि झोलामा महत्त्वपूर्ण डकुमेन्ट थिए । संयोगले मचाहिँ नुहाउन धारामा निस्केको थिएँ । नुहाउँदाखेरि झोला धुन्छु भनेर सामग्री ओछ्यानमुनि राखेर निस्केको थिएँ ।

त्यही वेला संयोगले डेढ वर्षको बच्चाले शौच गरेछ । नानीको दिसा धुने निहुँ गरेर त्यहाँकी बहिनी रुँदैरुँदै मकहाँ धारामा आइपुगिन् । प्रहरी घेर्न आएको सूचना दिइन् । म नुहाउन ठिक्क परेको थिएँ । नाङ्गै थिएँ, शरीरमा कट्टु मात्रै थियो । तत्काल ती बहिनीलाई 'ओछ्यानमा अति महत्त्वपूर्ण सामग्री छ, तपाईं गएर जसरी भए पनि त्यो सामग्री फ्याँक्नुस् या जोगाउनुस् । त्यसलाई जोगाउनुभयो भने संगठन जोगिन्छ' भनेर निस्किएँ । त्यस दिन कट्टु लगाएकै अवस्थामा चियाबारीमा छिरेर घिम्रिएरै तल खोलासम्म पुगेँ र बचेँ ।

ती बहिनीचाहिँ फर्किएर सामग्री छ भनेपछि त्यही ओछ्यानमा गएर बसिछिन् । बहिनीले ओछ्यान नछोडेको देखेर प्रहरीले शंका गरेछ । उठ्न लगाएछ । उठ्न लगाउँदा त सामग्री भेटियो । ०४५ असार १६ गतेको कुरा हो, त्यतिवेला पार्टीको राष्ट्रिय सम्मेलन हुन लागेको थियो । हामी त्यतिवेला कोड भाषा प्रयोग गर्थ्यौं । कोर्ड लिपि चलाउँथ्यो । एम्ब्रिबिएसन फर्ममा लेख्थ्यौं । काठमाडौं भन्नुपऱ्यो भने केटिएम भन्थ्यौं । प्रहरीले हाम्रो चिज त भेट्टाए तर कोर्ड भाषा बुझ्नेन् । तर, दुःखको कुरा त्यतिवेला म त बचेँ तर त्यो घरको साथी धनबहादुर गुरुङ र उसकी श्रीमती दुवैलाई प्रहरीले लिएर गयो । श्रीमान्लाई तीन वर्ष जेल राख्यो, श्रीमतीलाई पनि अति नै यातना दियो । अहिले पनि उनीहरू दुःखी छन्, खास अवसर पाएका छैनन् । मलाई अहिले पनि व्यक्तिगत रूपमा उनीहरूका लागि केही गरिदिन सके हुन्थ्यो भन्ने लाग्छ । अभाव र गरिबीको साथी बनिदिन पाए हुन्थ्यो भन्ने लाग्छ । परिवर्तनका आन्दोलनमा लागेकाहरूका लागि यस्तो त्याग र जेलनेल त स्वाभाविक रहेछ । यही सोचेर मन बुझाउँछु ।

त्यतिवेला मेरो ससुराली लमजुङसम्म प्रहरी खानतलासी गर्न पुगेको थियो । प्रहरीले त्यहाँ मेरो नागरिकता भेट्टायो । त्यही आधारमा मेरो घरमा छापा हान्यो । मेरा भाइबहिनीलाई पक्राउ गऱ्यो । म त्यतिवेला झापाको चकचकीमा बस्थेँ । लमजुङमा रहेको ससुरालीबाट एउटा चिठी भेट्टायो ।

त्यसपछि मेरी कान्छी बहिनी कमला घिमिरेलाई पक्राउ गऱ्यो । दाइ खोइ भन्दै धेरै पिट्थ्यो रे ! त्यही क्रममा ०४५ साल साउनमा ठूलो भूकम्प गयो । भूकम्पले धेरै मान्छे मरे । प्रहरीहरू भूकम्पपीडितको उद्धारमा लाग्नुपऱ्यो । त्यसपछि उनीहरू छुटे । त्यतिवेला भूकम्पका कारण मेची अञ्चल र पूर्वी क्षेत्र नै ठूलो क्षति हुनबाट जोगियो ।

महाकाली सन्धि र 'राष्ट्रघात'को आरोप

जब-जब मेरो नाम आउँछ, धेरैले भारतसँग भएको महाकाली सन्धिसँग जोडेर चर्चा गर्छन् । कतिपयले त्यतिवेला पार्टीभित्र सन्धिको पक्षमा मत दिएर मैले 'राष्ट्रघात' गरेको आरोप लगाउँछन् । तर, त्यो मान्न म कहिल्यै तयार छैन ।

खासमा ०४८ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले गरेको टनकपुरसम्बन्धी सम्झौता नै महाकाली सन्धि थियो । त्यो नै नियमकानुनविपरीत थियो । त्यतिवेला हाम्रो संसद्मा यो बेठिक भन्ने कुराहरू उठेका हुन् ।

त्यतिवेला सन्धिलाई समझदारी भनेर हस्ताक्षर गर्ने कुरा संविधानसम्मत नहुने भन्नेमा हामी प्रस्ट थियौं । त्यसपछि माधव नेपालको अध्यक्षतामा अध्ययन दल बन्यो । प्रतिवेदन आएपछि सर्तसहित नयाँ सन्धि गर्न सकिने भन्ने थियो ।

यसले पानीमाथिको एकलौटी अधिकारलाई बराबर गर्ने भन्थ्यो । महाकाली नदी साझा नदी हो, हक बराबरी हुनुपर्छ भन्ने भाष्य स्थापित हुँदै थियो । यो स्थापित गर्नु नै हाम्रो लागि ठूलो जित थियो र अहिले पनि जित नै हो ।

अहिले जसले महाकाली सन्धिलाई राष्ट्रघाती भन्छ, त्यो गलत हो । त्यो कार्यान्वयन गर्न भारतीयहरू अहिले पनि लागेका छन् । कारण, यसले ठूलो उपलब्धि हासिल गर्छ ।

नेता वामदेव गौतमलाई म उहिल्यैदेखि जान्दथेँ । त्यतिवेला वामदेव, केशवलाल श्रेष्ठहरू महाकाली सन्धि धोका हो भनेर लागे । सन्धिको पक्ष या विपक्षमा जाने भनेर एमालेभित्र मतभेद भएको थियो । म केन्द्रीय कमिटीमा वैकल्पिक सदस्य मात्रै थिएँ । केन्द्रीय कमिटीभित्र सन्धिलाई लिएर मतदानको अवस्था सिर्जना भयो । त्यही वेला तत्कालीन अध्यक्ष मनमोहन अधिकारी बिरामी भएर अस्पताल भर्ना हुनुभयो । पाँचजना वैकल्पिक सदस्यमध्ये मैले अध्यक्षज्यूको विकल्पमा मतदान गर्ने अवसर पाएँ ।

केहीले मनमोहन भएको भए सन्धिको पक्षमा मतदान गर्दैनथे, मैले गरेर राष्ट्रघात गरेको आरोप लगाए । तर, त्यतिवेला मनमोहनको इच्छा के हो भन्ने कसले बुझेको थियो र ? सबैको अनुमान मात्रै त हो । यद्यपि उहाँ स्थापित नेता भएकाले महाकाली सन्धिको पक्षमा हुनुहुन्थ्यो भन्ने अनुमान गरियो ।

तर सन्धिको विपक्षमा हुनुहुन्थ्यो भनेपछि उहाँले किन विरोध गर्नुभएन ? कहीं सुनियो त विरोध गरेको ? मैले त उहाँले मतदान नगरे पनि महाकाली सन्धिलाई राष्ट्रघाती भनेको कतै सुनेको छैन ।

त्यतिवेला पाँचजना वैकल्पिक सदस्यमध्ये अध्यक्ष बिरामी भएपछि पार्टीको पोलिटब्युरो बैठकले मलाई एक नम्बरको वैकल्पिक सदस्य बनाएको थियो । त्यसपछि मात्रै मैले मत हाल्ने अवसर पाएको थिएँ ।

त्यसवेला सबैले मलाई एक नम्बरमा राख्नुको पनि कारण थियो । त्यो के भने दुवै पक्षलाई मैले उनीहरूकै पक्षमा मत हाल्छु भन्ने विश्वास थियो । वामदेव गौतम र माधव नेपाल दुवैलाई आ-आफ्नो पक्षमा भोट हाल्छ भन्ने परेको थियो । यस्तो अवस्थामा अष्टलक्ष्मी शाक्य र राजेन्द्र श्रेष्ठले मतदान गरेनन् । खुला मतदान भएको थियो, मैले सन्धिको पक्षमा मतदान गरेँ ।

वामदेव स्वयंले समय-समयमा बाजा बजाउनबाहेक यो सन्धि राष्ट्रघाती होइन भनेर एमालेमा आएपछि त बोलेकै हो नि ! मेरो बुझाइमा यो राष्ट्रघाती छँदै थिएन । संसद्मा सन्धि पास गराउन पहिले पार्टीमा नीति प्रस्ट हुनुपर्ने अवस्था थियो । त्यो क्रममा मैले सन्धिको पक्षमा मतदान गरेको हो । पछि त्यसलाई नमान्नेहरूले एमाले पार्टी फोडेर जाने स्थितिसम्म बन्यो ।

अहिले पनि त्यतिवेला यसले राष्ट्रघात गऱ्यो भन्छन् । तर, म प्रस्ट छु, राष्ट्रघात हुँदै होइन । मात्रै कानुन नभएर गल्ती भइरहेको छ । सन्धि जलाधार विकाससँग जोडिएको थियो । त्यसले महाकाली नदीको सिमानाको प्रश्न उठाएको थियो । त्यहाँको पानी, बिजुली र लगानी बराबर हुने कुरा गरेको थियो । तर, विडम्बना ! सन्धि त भयो तर प्रयोग गर्न पाएका छैनौं । किनभने पञ्चेश्वर परियोजनालाई कार्यान्वयन गर्न उनीहरू चाहँदै-चाहँदैनन् ।

एमाले अध्यक्ष केपी ओली आफैंले किन ध्यान दिएनन् भन्ने प्रश्न पनि वेला-वेला उठ्छ । तर, उहाँ प्रधानमन्त्री भएको वेला पञ्चेश्वर परियोजना कार्यान्वयन गर्न नेपालको तर्फबाट पर्याप्त कोसिस भएको छ । इन्जिनियर महेन्द्र गुरुङ त्यतिवेला परियोजनाको प्रमुख बनाएर पठाइएका थिए । अर्को डिबी सिंह त्यहींका इन्जिनियर थिए । उनीहरूलाई सोध्दा आज पनि स्वतन्त्र ढंगले यसबारे सबै भन्दिन सक्छन् ।

महाकाली सन्धि त्यतिवेला कांग्रेस-एमाले मिलेर संसद्बाट दुईतिहाइ संख्या पुऱ्याएर पास गरेको सन्धि हो । त्यसैले देवराजले सन्धिमा हस्ताक्षर गरेर राष्ट्रघात गऱ्यो भन्ने भाष्य साँच्चै गलत छ । एक त कतिपयले यसले सांसदको हिसाबले मतदान गऱ्यो भन्ने भएको छ । जबकि म सांसद नै थिइनँ, मात्रै पार्टीभित्र मतदान गरेको हो ।

यद्यपि फेरि पनि मेरो दाबी छ, महाकाली सन्धि राष्ट्रघाती भन्नु भ्रम हो । अहिले पनि यो कार्यान्वयनमा ल्याउनुपर्छ । कार्यान्वयनमा आएपछि यो राष्ट्रको हितमा थियो, थिएन प्रस्ट हुन्छ ।

केपी ओलीको विश्वासपात्र

पार्टीभित्र मलाई अध्यक्ष केपी ओलीको विश्वास पात्र भन्छन् । त्यो त थाहा छैन तर सत्य के हो भने पार्टीभित्र उहाँले लिएको मुद्दा र अडानसँग म धेरैजसोमा सहमत हुन पुर्ुँ । मेरो नजरमा उनी वर्गीय दृष्टिकोण राख्ने व्यक्ति हुन् । वर्गलाई हेर्ने, समस्या बुझ्ने र वर्गीय परिवर्तनप्रति उनी इमानदार छन् । त्यसकारण उनको सोचविचारलाई मैले सधैं समर्थन गरेँ ।

०४३ सालमा भूमिगत अवस्थामै झापामा पार्टीमा राष्ट्रियस्तरको सम्मेलन भएको थियो । त्यतिवेला रुस समाजवादी मुलुक हो कि होइन भन्ने विवाद थियो । देवी रेग्मीको घरमा भएको त्यो सम्मेलनले 'हो' भन्ने निष्कर्षमा पुऱ्याएको थियो । त्यही सम्मेलनमा केपी ओलीसँग मेरो पहिलो भेट भएको थियो । उहाँले लिएका मुद्दा र विचार मसँग मिलेका कारण हामी निकट भएका हौं । चाहे जगतबहादुर बोगटी काण्डमा केपी ओलीको पक्षमा मतदान गरेर बोगटीलाई निष्कासन गर्नुपर्ने परिस्थिति होस् या महाकाली सन्धि । पार्टीभित्र दुई-तीन लाइनका जति पनि संघर्ष भए, हामी सधैं सँगै भयौं । त्यसैले कतिपयले मलाई केपीको 'पिछलग्गु' भन्छन् । तर, खासमा हाम्रो विचार, मुद्दा र अडान मिलेको मात्रै हो ।

मुद्दा पहिचानको राजनीति थरको

आमाको नामबाट सबै कागजपत्र बन्नुपर्छ भन्ने होइन, तर कानुनले स्वीकार गरिसकेको विषय व्यावहारिक रूपमा किन स्वीकार गरिँदैन भन्ने हो



करुणा थापा
sarasanu20@gmail.com

समाज

पहिचानको कुरा गर्दा म सधैँ आफैँलाई प्रश्न गर्छु– मेरो पहिचान खोइ ? जब म बच्चाहरूको विद्यालयका कागजपत्र हेर्छु, आमाको नाम हुँदैन । कुनै बोर्ड परीक्षाको (कक्षा ८, १०) फर्म भर्नुपऱ्यो भने आमाको थरले हुँदैन । कुनै बैंकमा खाता खोल्नुपऱ्यो, आमाको नागरिकता काम लाग्दैन । जब कि मुलुकी देवानी संहिता २०७४ को संरक्षणसम्बन्धी व्यवस्थाको दफा १३६ को (ख) मा नाबालकको संरक्षक आमा वा बाबु जो पनि हुन सक्छ भन्ने उल्लेख छ । तर, बैंकले संरक्षकमा आमालाई स्वीकार गर्दैन । सबै बैंकमा यस्तो अवस्था नहुन सक्छ, तर एनएमबि र ज्योति बैंकमा मेरो विवाद परेको छ । मेरो नागरिकताका आधारमा मेरा नाबालक छोराछोरीको खाता खोल्न बैंकले मानेन । बैंकले बच्चाको बाबाको नागरिकता धरौटपटक मागेको छ मसँग । म आमा हुँ, मेरा बच्चाको संरक्षकमा म बस्न मिल्दैन भने तपाईंको बैंकमा खाता नै खोल्दिनँ भनेपछि बल्ल केन्द्रबाट सोधेर भन्छु है भन्दै फर्म स्वीकार गरेको छ बैंकले । त्यति वेला कस्तो हुन्छ होला त्यो आमालाई, जसले बच्चाको पाउदेखि शिरसम्म सबै जिम्मेवारी बोकेकी छे । हेर्दा सामान्य देखिने तर मन छुने घटनाहरू कति छन् कति, पोखेर साध्यै छैन ।

मुलुकी देवानी संहिता २०७४ को परिच्छेद ३ को सम्बन्ध-विच्छेदसम्बन्धी व्यवस्थाको दफा १११ मा नाम र थरसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । दफा १११ को उपदफा ४ मा प्रस्ट लेखिएको छ– कुनै व्यक्तिले चाहेमा बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ । तर, मेरा छोराछोरीले १० कक्षाको फारममा मेरो थर लेख्न खोज्दा विद्यालयले फर्म स्वीकार गरेन । आमाको थरले हुँदैन, बाबुको थर लेख भनेको छ विद्यालयले । कतिजनासँग लड्नु, कहाँकहाँ लड्नु ? यो लेख लेखिरहँदा मेरातर्क आमाको नामबाट सबै कागजपत्र बन्नुपर्छ भन्ने होइन, तर कानुनले स्वीकार गरिसकेको अस्तित्व व्यावहारिक रूपमा किन स्वीकार गरिँदैन भन्ने हो । आमा वा बाबु जो भए पनि त्यस सन्तानका निम्ति जन्मदाता हो भने किन बाबु नै चाहियो भन्ने मात्र मेरो प्रश्न हो ।

एकपटक मैले बच्चाको फोटो सामाजिक सञ्जालमा राख्दा एकजना आफन्तले कमेन्ट गर्नुभयो– 'कस्तो बाबाको जस्तै अनुहार ?' मैले कमेन्टमै प्रत्युत्तर दिए– 'मेरो बच्चाको अनुहारमा म मेरो अनुहार पनि देख्दिनँ, बाबाको अनुहार पनि देख्दिनँ, उनीहरूमा म उनीहरूलाई नै देख्छु ।' यस्तो उत्तर दिनुको प्रमुख कारण थियो, बच्चाहरू उनीहरूकै पहिचानमा बाँचून् । न कि उनीहरूको बाबा वा आमाको । मेरा बच्चालाई म उनीहरूकै पहिचानमा हेर्न चाहन्छु । मुलुकी देवानी संहिता २०७४ को भाग २ अन्तर्गत प्राकृतिक व्यक्तिसम्बन्धी व्यवस्था दफा ३१ (१) ले प्रत्येक व्यक्तिलाई जन्मनासाथ नामको अधिकार हुनेछ भनेर पहिचानको अधिकारलाई सुनिश्चित गरिएको छ भने किन हामी बच्चालाई उनीहरूको पहिचान नदिने ? तर्क यति मात्र हो ।

पहिचानकै कुरा गर्दा प्रायः मैले सुन्ने एउटा प्रश्न छ– श्रीमान्ले के गर्नुहुन्छ ? मैले देखेको छु, भोगेको पनि छु, जब कुनै नौलो व्यक्तिसँग कुनै विवाहित महिलाले परिचय गर्नुपर्ने हुन्छ, त्यति वेला प्रायः एउटा प्रश्न सोधिन्छ– श्रीमान्ले के गर्नुहुन्छ ? अचम्म लाग्छ मलाई, कुनै पनि विवाहित महिलाले आफ्नो नाम, आफ्नो पेसा भनिसकेपछि 'श्रीमान्ले के गर्नुहुन्छ ?' भनेर सोध्नु कति आवश्यक छ ? त्यो पनि एकछिन परिचय गरेपछि आफ्नो बाटो लाग्ने मान्छेले । बारम्बार भेट हुने व्यक्तिले परिवारको जानकारी माग्नु ठीक छ, तर क्षणभरमा फेरि पुनः हत्तपत्त भेट नहुने गरी हिँड्ने व्यक्तिलाई पनि श्रीमान्को परिचय किन चाहियो ? के महिलाले दिने आफ्नो नाम, पेसा र विवरण नै काफी छैन ?

मसँग मेरो नाम छ, मैले गर्ने मेरो पेसागत काम छ भने मैले म फलानाकी श्रीमती हुँ भन्दै किन चिनाइरहनु ? डा. उद्धव राईले आफ्नो पुस्तक 'कोसी किनाराका पाइलाहरू'मा लेख्नुभएको छ– उहाँलाई कि त उहाँको अगाडिको नामबाट चिनियो कि त उहाँलाई उहाँको पछाडिको नामबाट चिनियो, या उहाँको पेसाबाट चिनियो । श्रीमतीको नामबाट उहाँलाई चिनियो भनेर उहाँले लेख्नुभएको छैन । अर्थात्, उहाँको आफ्नै पहिचान बन्यो, आफ्नो पहिचान बनाउनका निम्ति उहाँले श्रीमतीको पहिचान दिइरहनुपरेन । तर, दुर्भाग्य, विवाहित महिला छिन् भने श्रीमान्को, अविवाहित छिन् भने बाउ वा दाजुभाइको नामबाट चिन्न खोजिन्छ यहाँ । मसँगै छ यस्तो अनुभव । धरौटपटक मलाई पनि सोधिएको छ, 'सरले के गर्नुहुन्छ ?' यस्तै सोध्ने क्रममा मैले एकजना व्यक्तिलाई भनेकी पनि छु, 'मलाई मेरै नामबाट चिने काफी छैन र ? सरसम्म किन पुग्नुपऱ्यो ? न उहाँले तपाईंलाई चिन्नुहुन्छ न तपाईंले उहाँलाई ।' हो, मैले नमीठो बोलेकी छु, तर म लाइसेन्सप्राप्त अधिवक्ता, म कुनै संस्थामा काम गर्ने सामाजिक कार्यकर्ता, महिलाले पनि पत्रकारिता गर्न सक्छन् भन्ने धारणा मध्यपश्चिममा स्थापित गर्न सफल महिला पत्रकार, तर मेरो पहिचान 'श्रीमान'मा गएर अडिएको छ । साँच्चै दुःख लाग्छ, महिलालाई उनीहरूकै पहिचानमा नस्विकारिएको देख्दा ।

मैले भोग्ने यस्ता प्रश्न केवल प्रश्न होइनन्, लैंगिक सवाल हुन् जस्तो लाग्छ मलाई । हाम्रो धारणा, हाम्रो सोचाइ र व्यवहार अझै पनि लैंगिकताले घेरिएको छ । जति नै चाहे पनि त्यो व्यवहार र सोचबाट बाहिर निस्कन सकेका छैनौं हामी । परिणाम आजको युगमा पनि आफूले आफ्नै पहिचानका निम्ति जुध्नुपरेको छ ।

पहिचानकै कुरा गर्दा एउटा प्रसंग सम्झना आयो । नेपालका ठूला मिडिया हाउस एवं स्थापित सञ्चार माध्यमले पनि कुमारी आमा, इज्जत लुटियो जस्ता शब्दावली प्रयोग गरी समाचार सम्प्रेषण गरिरहेका हुन्छन् । तर, यस्ता शब्दावली मलाई जहिल्यै खड्किने गर्छन् । कुनै पनि महिलाले सन्तानलाई जन्म दिइसकेपछि आमा बन्छे । 'आमा' बन्नु नै उसको पहिचान हो । आमा भनिसकेपछि उसको सन्तान छ भन्ने बुझ्नुपर्ने हो सामान्य अर्थमा । तर, जब कुनै अविवाहित किशोरीले सन्तान जन्माउँछिन् उनी 'आमा' मात्र होइन, 'कुमारी आमा' बन्छिन् । उनलाई सम्बोधन गर्दा नै कुमारी आमा भनेर सम्बोधन गरिन्छ । निहारिका राजपुतका निम्ति जति पनि समाचार आएका छन्, उनलाई प्रायः 'कुमारी आमा'नै भनेर समाचार सम्प्रेषण गरिएको छ, न कि सन्तानकी आमा भनेर । किनकि, हामीलाई हाम्रो समाजले यही सिकाएको छ, सन्तान जन्माउने भनेको विवाहपछि मात्र हो । विवाहअगाडि सन्तान जन्माउनुहुँदैन । विवाहपूर्व यौन सम्बन्धमा बस्न हुँदैन । विवाह गर्नु र सन्तान जन्माउनु फरक कुरा हुन् भन्ने बुझाइ नै छैन हाम्रो समाजमा । हाम्रो समाजले विवाहलाई यौन सम्बन्ध र सन्तान उत्पादनको 'सर्टिफिकेट' बनाएको छ । विवाह गरेपछि सन्तान जन्माउनु अनिवार्यजस्तै छ । कुनै जोडीले विवाहपश्चात् सन्तान नजन्माउन र कुनै युवा वा युवतीले विवाह नै नगरी सन्तान जन्माउन पनि सक्छन् भन्ने परिकल्पनाको अनुमति नै दिएको छैन समाजले, अनि कसरी सामान्य बन्छ पहिचानको विषय ।

कुनै महिला यौन दुर्व्यवहारमा परिन् भने ठूल्ठूला अक्षरमा समाचार लेखिन्छ– फलानी महिलाको इज्जत लुटियो । जब यो इज्जत लुटियो भन्ने शब्दावली सुन्छु, मलाई स्व. कमला भासिनको सम्झना आउँछ । उनी सधैँ भन्थिन्– 'बेटिया कि योनी मे इज्जत क्यू रखा भाइ ?' मैले मेरो जीवनको लामो समय सामाजिक क्षेत्रमा बिताएँ । सामाजिक क्षेत्रमा काम गर्दा प्रायः म सुन्थेँ, तालिम दिने प्रशिक्षकले प्रायः भन्ने गर्थे– कन्याजालीको अन्धविश्वासमा पर्नुहुँदैन । कन्याजाली भनेको छोरीचेलीलाई दिइने स्वतन्त्रता रोक्न बनाइएको भ्रम मात्र हो, जुन सत्य होइन । यौनांगभित्र रहने पातलो झिल्ली, शरीरको एउटा अंग हो, यसलाई सामाजिक नियम र मान्यतासँग जोडिनुहुँदैन । कन्याजाली भनेर कुमारीत्वको चर्चा हुनु भनेको महिलालाई उनको स्वतन्त्रता र अवसरबाट वञ्चित गराइने आधार हो आदि आदि ।

> बारम्बार भेट हुने व्यक्तिले परिवारको जानकारी माग्नु ठिक छ, तर क्षणभरमा फेरि हत्तपत्त भेट नहुने गरी हिँड्ने व्यक्तिलाई पनि श्रीमान्को परिचय किन चाहियो ? के महिलाले दिने आफ्नो नाम, पेसा र विवरण नै काफी छैन ?

म आफैँ पनि व्यक्तिगत रूपमा यही तथ्यलाई स्विकार्छु, कन्याजालीको नाउँमा छोरी बेटीलाई अवसरबाट वञ्चित गरिनुहुँदैन । कपिलवस्तुमा मैले यस्तो परिवार पनि भेटेँ, जसले कन्याजाली च्यातिन्छ भनेर किशोरीहरूलाई खेलकुद, साइकल चलाउन, उफ्रन बन्देज लगाइएको थियो । कन्याजालीलाई कुमारीत्वसँग जोडेर किशोरीमाथि थुप्रै नियम लादिएका थिए ।

जब म सामाजिक कार्यक्षेत्रबाट अदालतको कार्यक्षेत्रमा आइपुगेँ, अदालतका नजिर र बलात्कारका मुद्दाका फाइल हेर्दा मेरो नजर अस्पतालले दिने रिपोर्टमा गएर अडियो । अस्पतालको रिपोर्टमा लेखिएको हुन्छ, कन्याजाली च्यातिएको छ वा छैन ? यदि च्यातिएको छ भने घटना हुँदाको समयमा च्यातिएको हो वा पहिले नै च्यातिएको हो ? अवस्था के छ, रिपोर्टमा लेखिन्छ– 'हाइमोन टियर ओल्ड/न्यू' । यस्तै यस्तै । अनि त्यही तर्कमा बसेर विद्वान् अधिवक्ताहरूले बहस गर्नुहुन्छ– 'कन्याजाली च्यातिएको छ श्रीमान्, इज्जत लुटिएको छ, बलात्कार भएको छ ।' बलात्कारमा परेको व्यक्ति शारीरिक र मानसिक रूपमा कति विक्षिप्त छ भन्ने विषयको भन्दा बढी चर्चा 'हाइमेन' को । हाइमेन कुन अवस्थामा छ, त्यसका आधारमा तर्कहरू पेक गरिन्छन् । हाइमेन, जसलाई हामी नेपालीमा कन्याजाली भन्छौं । यही छ त्रुटि हाम्रो सामाजिक संरचनाको, कानुनको व्याख्याको, हाम्रो बुझाइको र हामी हुर्कने हाम्रो वरिपरिको वातावरणको ।

जब मैले 'हाइमेन' शब्दलाई गुगलमा खोजेँ, त्यहाँ यस्तो भेटेँ– ग्रिक शब्द झिल्लीबाट आएको हो । हाइमेन योनीभित्र पाइने छालाको एक सानो टुक्रा हो । यसको नामको विपरीत हाइमेन पूर्ण योनी खोल्ने झिल्ली होइन । स्पष्ट रूपमा लेखिएको यो सत्यको विपरीत कसरी अस्पताल र अदालतले कन्याजालीलाई प्रोत्साहन गरेको छ भन्ने सानो नमुना हो यो ।

परिवारको इज्जत परिवारका सबै सदस्यसँग जोडिएको हुन्छ । तर, जब एउटी किशोरी बलात्कृत हुन्छिन्, उनको भावनाको, मानसिकताको र शरीरको बलात्कार भयो भन्नुभन्दा पनि परिवारको इज्जत गयो वा इज्जत लुटियो भनेर बुझिन्छ भने कसरी हुन्छन् हाम्रा छोरीचेली स्वतन्त्र ? उनीहरूको योनीमा कहिलेसम्म परिवारको इज्जत राख्ने ? कुनै किशोरी बलात्कृत हुन्छिन् भने उनको स्वाभिमानको बलात्कार भएको हुन्छ । उनको तन, मन हिंसामा परेको हुन्छ । उनको इज्जत लुटिएको भन्नुभन्दा पनि उनको स्वाभिमान, उनको चाहना, उनको स्वतन्त्रता लुटिएको भन्नुपर्ने हो । उनी मानव हुन् भन्ने अस्तित्व र भावना लुटिएको छ भनेर सोच्नुपर्ने हो ।

इज्जत र महिलाको सौन्दर्यको कुरा गर्दा ब्युटवलकी मेरी एक मित्रको मलाई सधैँ सम्झना आउँछ । हामी प्रायः भेट्थ्यौं, कफी खान्थ्यौं, गफिन्थ्यौं । उनको कपाल लामो थियो । एक दिन अचानक उनले आफ्नो कपाल छोट्याइन् । कम्मरमुनि पुग्ने कपाल रातारात घाँटीमाथि अड्कियो । किन यसो गरेको भन्दा उनी भन्थिन्, मेरो कपाल लामो होस् वा छोटो दुनियाँलाई किन वास्ता ? म मेरो कपालले होइन, ममा भएको गुणले चिनिनुपर्छ । कपाल कति राम्रो भनेर होइन, मेरा राम्रो गुण र नराम्रो बैगुन मेरो पहिचान बन्नुपर्छ, त्यसैले छोट्याइदिएँ । उनको उत्तर सामान्य पक्कै होइन । समाजप्रतिको एउटा विद्रोह हो । तर, मलाई लाग्छ, अहिले पनि उनले सोचेजस्तो पक्कै भएको छैन । आजभोलि उनलाई ब्वाइज कट कपाल भएको महिला भनेर चिन्ने र चिनाउने समुदाय बेग्लै छ होला ।

आजभोलि त झन् बेबी सावरको नाउँमा गर्भमा भएको बच्चालाई रंगले पहिचान दिइरहेका छौं हामी । निलो, आकासे भए छोरा भनेर बुझ्नुपर्ने पिंक वा रातो भए छोरी भनेर बुझ्नुपर्ने । समाज बदलिएको जस्तो देखिएको मात्र छ आधुनिकताका नाममा, तर अहिले पनि वर्तमान समाज उस्तै छ, महिला र पुरुषबीच ठूलो खाडल भएको । केरालाई औषधि हालेर पकाइएजस्तो, बाहिर हेर्दा मज्जाले पाकेको, खान लाग्दा काँचै । हाम्रो सामाजिक संरचनाले, हाम्रो वरिपरिको समुदायले गर्भबाटै महिला र पुरुषलाई बनाएको अलग-अलग लैंगिक भूमिका आजको युगसम्म आइपुग्दा पनि मेटिन सकेको छैन । अनि यही धरातलबाट सुरु हुन्छ, लैंगिक हिंसाको, महिलामाथि थोपरिने सामाजिक नियमहरूको र गुमनाम बन्छ महिलाको पहिचान ।

म तनहुँ जाँदै थिएँ । माइक्रोबसमा अस्ट्रेलियाबाट आएकी छोरीलाई पोखरा घुमाउन लग्दै थिइन् एउटी आमाले । उनीहरूको गफ सुन्दा लाग्थ्यो, छोरी निकट भविष्यमै विवाह गर्दै थिइन् । गुरुङ थरकी ती छोरीलाई विवापूर्व नै आफ्नो हुनेवाला श्रीमान्को थर राख्न मन लागेछ र राखिछन् । आमा भन्दै थिइन्, विवाह नै भएको छैन, किन तिमीले फेसबुकमा आफ्नो नाम पछाडि उसको थर लेखेको ? छोरीले जवाफ दिइन्, विवाह हुने निश्चित भइसक्यो, अब थर राख्दा के फरक पर्‍यो र ? आमा केही बोलिनन् । मैले सुनिरहेँ उनीहरूका कुरा । कति हतार छ, पढेलेखेका हाम्रा छोरीचेलीलाई आफ्नो थर परवर्तन गर्न । थरको राजनीति कहिले बुझ्छन् होला थिनले ? अनि कसरी बुझाउने होला, म सोचिरहेकी थिएँ ।


तनहुँमै काम गर्दै जाँदा एकजना भाइसँग भेट भयो । समाजशास्त्रमा स्नातकोत्तर सिध्याएर हाल उनी कानुन तेस्रो वर्षका विद्यार्थी रहेछन् । कुरा गर्दै जाँदा उनले भनेका थिए, विद्यालयमा सेतोको विपरीत अर्थ कालो भनेर सिकाइन्छ । पुरुषको उल्टो महिला भनिन्छ । यी सबै तत्वहरूको आफ्नै पहिचान छ नि । सेतो चिन्नका लागि कालो चिन्नै पर्दैन । सेतोको आफ्नै गुण र दोष छन् । सेतोको विपरीत अर्थ कालो भनेर बुझाउनु आवश्यक छ र ? अर्थात् उनी भन्न खोज्दै थिए, हाम्रो शिक्षाको पाठ्यक्रम नै दोषी छ । आकाशको उल्टो धर्ती, महिलाको उल्टो पुरुष, बुबा कार्यालय जानुभयो, आमा खाना पकाउँदै हुनुहुन्छ, गरिब भनेको फाटेको लुगा लगाएको तस्बिर अनि धनी भनेको चिल्लो कार र सुटबुट लगाएको तस्बिर … आदि ।


वास्तवमा हो, सबैको आफ्नै पहिचान छ । अझ महिला र पुरुषको पहिचानको कुरा गर्दा शताब्दीयौँदेखि नै महिलाले आफ्नो पहिचानका निम्ति आन्दोलन गर्नुपरिरहेको छ । महिला आन्दोलनको चारवटै धार हेर्नौं, सबै धारले पहिचानकै कुरा गरेका छन् । संसारभर चलेको महिला आन्दोलनले पनि पहिचान नै खोजेको हो, सम्मानसहितको पहिचान ।

हरेक व्यक्ति फरक छन् । महिला महिलाबीच फरक छ, पुरुष पुरुषबीच फरक छ । सोच्ने तरिका, बुझ्ने तरिका, व्यवहार गर्ने तरिका हरेक कुरा फरक छ । स्नातकोत्तर तहमा लैंगिकताको पढाइ त्रिभुवन विश्वविद्यालयमा हुन्छ । तर, मलाई लाग्छ, लैंगिकता कुनै विषय बनाएर विषय सूचीमा अटाउने मुद्दा नै होइन । यो एउटा बुझाइ हो । हामीले कति बुझ्न सक्छौं, कति व्यवहारमा उतार्न सक्छौं, त्यसमा निर्भर हुने कुरा हो । कक्षाकोठामा भएको पढाइका आधारमा जेन्डर बुझिएको हुँदैन । जति नै लैंगिकताको कुरा गरे पनि संस्कारको नाउँमा खुट्टा पसारी पसारी श्रीमतीजीलाई ढोम्म दिन पछि पर्दैनन्, हाम्रो समाजका शिक्षित पुरुषहरू, अझ युवापुस्ता पनि । त्यसैले, लैंगिकता स्नातकोत्तर तहमा पुगेर बहस गरिने विषय नै होइन । यो त व्यावहारिक ज्ञान र सीप हो । विषय सुचीमै सीमित राख्ने हो भने निरक्षरले कसरी बुझ्ने लैंगिकतालाई ? म आफैंभित्र निरन्तर आउने प्रश्न हो यो ।



'हनी-हन्टर'लाई पछ्याउँदा







दिपेन्द्र ढुंगाना
ddip2052@gmail.com

फोटो कथा

कहालीलाग्दो भिरमा डोरीको सहारामा झुन्डिँदै भिरमौरीको मह काढिरहेको दृश्य हेर्दै डरलाग्दो देखिन्थ्यो । भिरको कोप्चाबाट मह काढिसकेपछि भुइँमा नझरोस् भनेर छेउमै चोयाको टोकरी राखिएको थियो । हेर्नेहरू आत्तिएका थिए, तर 'हनी-हन्टर'हरू भने खुसी देखिन्थे ।

जेठको अन्तिम साता भोटेकोसी किनारको जोमभिरमा भिरमह काढिरहेका थिए, विक्रम खड्का । उनीसँगै थिए पाल्देन शेर्पा । उनीहरूसँगै थिए ६ जना अन्य सहयोगी पनि । सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिकाका विक्रमले यस्तै कठिन भिरमा मह काढ्न थालेको २६ वर्ष बितिसक्यो । उनी हरेक सिजनमा मह काढ्न यस्तै भिर चढ्छन् । विक्रमको यो पुख्यौंली पेसा भने होइन । उनलाई भिरबाट मह काढ्ने काम लेकतिर गोठ बस्न जाँदा तामाङ साथीहरूले सिकाएका थिए । सुरुमा साथीहरूसँग रमाइलोका लागि मह काढ्न जाँदाजाँदै बिस्तारै उनले यसैलाई पेसा बनाए । उनी भन्छन्, 'भिरमा चढेर मह निकाल्ने काम धेरै गाह्रो छ । जहान परिवारले नजानू भन्छन् । तर, मलाई हरेक सिजनमा मह नकाढी चित्तै बुझ्दैन ।'

भिरमह काढ्दा धेरै सावधानी अपनाउनुपर्छ । थोरै असावधानी भए ज्यानै जान सक्छ । जंगलमा थुप्रैपटक समस्या भोग्नुपरेका अनुभव छन् उनीसँग । कतिपटक उनका साथीहरू जंगलमै बिरामी परेर बसेका पनि छन् । मह धेरै खाँदा पखला लाग्ने, वाकवाकी लाग्ने, मात्तेसमेत हुन्छ । त्यस्ता घटनाले उनलाई सजग गराइरहन्छन् ।

भिरमा देखिएका सबै चाकामा मह हुँदैन । कैयौंपटक भिरमा चाँसिकेपछि बिनामह फर्किनु सामान्य हो । मह नपाउँदा पनि उनी निरास हुँदैनन् । उनी भन्छन्, 'अहिले महको लोभमा मौरी नै विनाश हुने गरी जंगलमा आगो लगाइदिने धेरै छन् । जसले गर्दा भिरमा मौरी बस्नै आउँदैनन् । यो राम्रो काम होइन ।'

औषधिजन्य गुण भएको भिरमौरीको महको बजारमा ठूलो माग छ । हाल बजारमा कम्तीमा तीन हजार ५०० रुपैयाँ लिटरमा भिरमौरीको मह बिक्री हुने गरेको खड्का सुनाउँछन् । तर, बजारको मागअनुसार आपूर्ति गर्न भने त्यति सहज छैन । हरेक वर्ष डोरीको सहारामा भिरमा चढ्नुपर्छ । उनी भन्छन्, 'यसरी दुःख गरेर मह निकाल्नेहरूको संख्या कम हुँदै छ । पहिलेकोजस्तो अहिले मह पनि पाउन छाड्यो ।'

उनीहरूको समूहले जोमभिरलगायत नजिकैका अन्य ठाउँमा वर्षौंदेखि मह काढ्दै आएका छन् । गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने जोमभिर सिन्धुपाल्चोक जिल्लाको चाकु भन्ने ठाउँबाट करिब २० किमि टाढा पर्छ । भिरमह काढ्न उनीहरूले संरक्षण क्षेत्र र स्थानीय निकायबाट अनुमति लिनुपर्छ । खड्का र शेर्पाले भिरमह काढ्ने कामसँगै जडीबुटी संकलन र बिक्री गर्ने काम पनि गर्दै आएका छन् । भिरमह काढिरहेका वेला विदेशी पर्यटकसमेत आएर रमाइलो मान्दै हेर्ने गरेको अनुभव पनि उनीहरूसँग छ । 'हनी हन्टिङ'लाई साहसिक पर्यटनको रूपमा समेत विकास गर्न सके स्थानीयवासीले त्यसबाट फाइदा लिन सक्ने देखिन्छ । हाल भिरमह अमेरिका, दक्षिण कोरिया, जापान, चीनलगायत देशमा निर्यात हुने गरेको उनीहरूले सुनाए ।

लोकजीवनको दस्ताबेज



विश्वास नेपाली
biswashnepali85@gmail.com

चर्चा

लेखक एवम् सामाजिक अध्येता डिबी नेपाली 'दमु', डा. गोविन्द सार्की (नेपाली) र इन्दिरा घलेद्वारा संयुक्त रूपमा लेखिएको पुस्तक 'दैथाने दमाईं जातिको लोकजीवन' बजारमा आएको छ । यो पुस्तकले दमाईं जातिको इतिहास बोल्छ । दमाईं जातिले बजाउने पञ्जेबाजामध्ये एक हो 'दमाहा' । यो बाजा परम्परागत कार्यमा बजाइन्छ । विभिन्न जातिले शुभकार्यमा दमाहा बजाउन लगाउने चलन छ । त्यसैको आधारमा दमाहा बजाउनेलाई 'दमाईं' जाति भनिन थालिएको हो भन्ने भनाइमा लेखकहरू केही हदसम्म सहमत छन् । तर, उनीहरूले 'दमाईं'को यकीन परिभाषा भने तोकेरै भन्न सकेका छैनन् ।

नौ परिच्छेद र चार अनुसूचीमा तयार भएको यो पुस्तक ६०२ पेज लामो छ । यो पुस्तक मकालु प्रकाशन गृहले बजारमा ल्याएको हो । यो पुस्तकमा नेपाली समाजभित्र रहेका सयौं जातिमध्ये एक 'दमाईं' जातिको विस्तृत
















मौलिक कथा, तारिफयोग्य काम





संजोग लाफा मगर
laaphaa@gmail.com

सिनेमा

'आपा ! आमाले भनेको यो नीरफूल देउतालाई चल्दैन ।'
'अबदेखि चल्छ... ।'

नीरफूल खोलामा बगाउँदै छोरी पिङ्जावतीलाई आपा चेन्जारोडले भन्छ । तामाङ भाषामा संवाद गरिएको यो दृश्य 'नीरफूल' चलचित्रको शक्तिशाली विम्ब र एक हरफ कथासार हो । पाङ्साङ अर्थात् धादिङ जिल्लाको उत्तरी भेग रुबि भ्याली (सरकारले स्थाननाम परिवर्तन) बहुसंख्यक तामाङ जातिको बसोवास थलो हो । त्यस भेगका बासिन्दाले कुनै पनि नीलो फूल देउतालाई चढाउँदैन, जसरी काठ क्षेत्रका बाहुन, क्षेत्रीले लहरामा फूल्ने नीलो फूल देउतालाई चढाउँदैनन् । नीलो फूलबारे फरक समुदायबीच फरक जीवनदर्शन होला, तर निर्देशक फुलमान बलले 'नीरफूल' चलचित्रमा फूलमार्फत बिम्बात्मक अभिव्यक्त गरेको विषय गहन र पीडादायी छ ।

१९१० को मुलुकी ऐनले तामाङ जातिको छातीमा बुट बजाऱ्यो । त्यसपछि तामाङ मासिन्या जाति र पीपामा दरिए । जातिकै आधारमा दण्ड जरिवाना भोग्नुपर्ने कानुन बन्यो । अहिलेसम्म पनि नीरफूलजस्तै तामाङ जाति राज्यको दृष्टिकोणमा नचल्ने भयो । यो पीडालाई 'नीरफूल'ले सशक्त रूपमा अभिव्यक्त गरेको छ ।

२०७२ वैशाख १२ गतेको भूकम्प र परकम्पनले आदिवासी बहुल क्षेत्र त्यसमा पनि तामाङ जातिले अझ बढी क्षति व्यहोरेको थियो । गृह मन्त्रालयको अनुसार भूकम्पमा ज्यान गुमाएका ८ हजार ८४४ मध्ये ३ हजार १२ जना तामाङ जाति छन् । उनीहरूको थातथलो, सांस्कृतिक सम्पदा बढी क्षति पुगेको थियो । राहत वितरण र सरकारी पुनर्स्थापनामा चरम विभेद भएको सञ्चारमाध्यमले सम्प्रेषण गरेको थियो । भूकम्पले पाङ्साङ गाउँ पनि ध्वस्त हुन्छ । भग्न घरबाट छोरी पिङ्जावतीलाई सेनाको हेलिकोप्टरले उद्धार गरी याम्बु (काठमाडौं)को अस्पतालमा पुऱ्याउँछ । पिङ्जावतीले कहिले सहर देखेको हुँदैन । बिरानो ठाउँमा उसले एकोहोरो आफ्नै भाषामा 'आमा निबा !' 'आमा निबा !' (आमा जाने) मात्रै भनिरहन्छे । उनको बोली कसैले बुझ्दैन । त्यसरी नबुझ्नुमा राजा महेन्द्रको एक भाषा, एक भेष नीति जिम्मेवार छ । त्यस्तै, २०५६ जेठ १८ गते सर्वोच्च अदालतले गरेको अन्यायपूर्ण फैसला जसले मातृभाषाको जिब्रो थुतेको थियो त्योसमेत जिम्मेवार छ । एकल भाषाको नीतिले देश कसरी एकलकाँटे र निर्दयी भएको छ भन्ने यो घटना एउटा सबुत पनि हो ।

> त्यसपछि तामाङ मासिन्या जाति र पिपामा दरिए । जातिकै आधारमा दण्ड जरिवाना भोग्नुपर्ने कानुन बन्यो । अहिलेसम्म पनि नीरफूलजस्तै तामाङ जाति राज्यको दृष्टिकोणमा नचल्ने भयो । यो पीडालाई 'नीरफूल'ले सशक्त रूपमा अभिव्यक्त गरेको छ ।

भूकम्पले थिलथिलो पारेको जमिन, चिरा परेको सुनसान सडकमा बस नचलेपछि वेलामौकामा गाउँ आउने जिपमा चढेर छोरी पिङ्जावतीलाई खोज्न स्यरल्हामो याम्बु (काठमाडौं) जान्छिन् । आफन्त चिनेको कोही नभएकाले ड्राइभरको दुर्व्यवहार सहँदै छोरी खोज्न अस्पताल, सरकारी कार्यालय धाउँदा पनि भेटिन्नन् । सबैभन्दा तगारो बन्छ सिंहदरबारको ढोका । छोरीको खोजीमा पीडा, भोकप्यासले विक्षिप्त महिलालाई झनै पीडा दिन्छ सहरिया मान्छेहरूले । छोरी खोज्ने क्रममा स्यरल्हामाले ठोकिन पुग्छिन्, आडम्बरी समाजसेवीहरूको चंगुलमा । बालगृह चलाएर विदेशीलाई धर्मपुत्र पुत्री आपूर्ति गर्ने गिरोहमा ठोकिन पुग्छिन् । सञ्चारमाध्यमले दैनिक बालबालिका हराइरहेको समाचार भनिरहँदा राज्य किन मौन छ ? फिल्ममार्फत राज्यलाई निर्देशक बलको पीडादायी प्रश्न हो यो । किनभने भारतको ठुल्ठूला सर्कसहरूमा अधिकांश तामाङ युवायुवतीहरूको बाहुल्य छ ।

फिल्मको कथा मौलिक छ । तर, प्रस्तुति बरालिएको अनुभूति हुन्छ । कथाअनुसारकै प्रस्तुति भइदिएको भए दर्शकले अझै धेरै अपनत्व महसुस गर्थे । पटकथाकार लेखकद्वय फूलमान बल र सचिन घिमिरे द्विविधामा परेको छर्लंग देखिन्छ । चलचित्रलाई परम्परागत नेपाली चलचित्रको संरचना र कथ्यशैलीमा प्रस्तुत गर्ने कि आदिवासी कथ्यशैली र संरचनामा ? लेखकहरू द्विविधा परेको देखिन्छ । द्विविधाकै बीच लेखकहरूबीच बाटोमा हिँडे । जसको कारण यत्ता न उत्ताजस्तो देखिएको छ । तामाङ जातिको प्रचलित लोककथा, आख्यान, मिथकमध्ये एकलाई आधार मानेर संरचना र कथ्यशैली स्थापित गरेर चलचित्र निर्माण गरेको भए यो चलचित्र तामाङ चलचित्रको मानक र आदिवासी चलचित्रको मार्गदर्शन हुने थियो । यो मौकाबाट बल र घिमिरे चुकेका छन् ।

फिल्ममा पाङ्साङ (कथित रुवी भ्याली) गाउँको दैनिकी खासै देखिँदैन । दर्शन, परम्परा, संस्कृति विरलै देखाइएको छ । पाङ्साङ गाउँको सांस्कृतिक परम्परा, जीवनदर्शन र सहिष्णुता, सद्भाव देखाउनुपर्थ्यो । यो विषयलाई जोडेर सहरमा पिङ्जावतीले अन्य भाषा नबुझ्नेको कारण भोगेको समस्याहरू त्यसबाट छुटकारा पाउन गरेको संघर्ष समेटेको भए धेरै राम्रो हुने थियो । यसबाट राज्यको भाषिक विभेद नीति सच्चाउन सकारात्मक पहल बढ्ने थियो ।

सम्पादनमा पनि केही कमजोरी देखिएको छ । निर्देशकले अनावश्यक दृश्यहरू लोभ गरेको कारण फितलो र दृश्य र ध्वनिमा जर्क देखिएको छ । भूकम्पको दृश्यमा भिएफएक्स स्थिर दृश्यले विश्वसनीयता घटेको छ । एउटै गाउँको तामाङ भाषा पात्रअनुसार फरक हुनु धेरै कमजोरी हो । चेन्जोरोडले खस भाषा बोल्दा पूर्वेली राई लवजमा संवाद गर्नु चरम लापरबाही हो । नेपाल बहुभाषी भएकाले लवजले जाति निर्धारण गर्न सकिन्छ । विदेशी चलचित्रमा 'डाइलेक्टोलोजी' पात्रको स्थानीयकरण, चरित्र संवादका लागि संवेदनशील हुन्छन् । नेपाली चलचित्रमा कम महत्त्व दिइन्छ । निर्देशक नवीन सुब्बाले 'गाउँ आएको बाटो' चलचित्रमा पहिलोपटक भाषा स्थानीयकरण 'डाइलेक्टोलोजी'को महत्त्वलाई बुझेर भाषाशास्त्री तारामणि राईलाई अनुबन्ध गरेका थिए ।

०४६ सालपछि तामाङले इतिहासमा भोगेको कथाव्यथा दलीय आवाजको आवरणमा र कहिले द्वन्द्वको गोलीबाट त्यतिले नपुगेर साम्प्रदायिक बिल्ला भिर्दै सामुदायिक संस्थाबाट गुन्जायमन गरेका थिए । ती सबै आवाजहरू निरीहताको कारण दबाइयो ।

तीनै दमित आवाजलाई अहिले स्रष्टा सर्जकले साहित्य, कला र चलचित्रको माध्यमबाट राज्यले गरेको चरम जातीय विभेद, मासिन्या जाति भएर बाँचेको पीडा, जिब्रो थुतेको पीडा, सांस्कृतिक अपहेलनाको पीडा सशक्त किसिमले भन्न थालिको छ, सुनाउन थालेको छ ।

नेपाली चलचित्रमा मौलिक कथाको खडेरीलाई लिम्बू चलचित्र 'जारी'ले गरेको आपूर्तिपछि तामाङ चलचित्र 'नीरफूल'ले अर्गानिक कथासहित ३० प्रतिशत तामाङ भाषामा संवाद गरेको छ । मौलिक कथामा निर्मित चलचित्रले एक दिन अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली चलचित्रको पहिचान स्थापित गर्नेछ । त्यस दिन समुदायको मौलिक कथाहरूको इन्द्रेणी चलचित्रमा देखिनेछन् । आदिवासी चलचित्र अर्काइभ (आइफा) प्रशिक्षित निर्देशक फुलमान बलले रुढीवादी, क्लिसे नेपाली चलचित्रको बिगबिगीमा आफ्नो समुदायको मौलिक कथा र गहन विषय भन्ने आँट गरेकोमा तारिफ गर्नैपर्छ ।



> यो पुस्तक नेपालका प्राथमिक विद्यालयदेखि विश्वविद्यालय तहसम्मका हरेक पुस्तकालयमा हुन जरुरी छ । यो पुस्तक शिक्षकका लागि सन्दर्भ सामग्री पक्कै हो । अनुसन्धाता र शोधकर्ताका लागि पनि बहुउपयोगी सामग्री हो ।

विवरण छ । नेपाली समाजको कथित दलित जातिभित्रको एक जाति 'दमाईं'को विस्तृत विवरण बुझ्न र इतिहास अध्ययन गर्नेहरूका लागि यो पुस्तक उपयोगी दस्तावेज हुन सक्छ । पुस्तकका लेखकहरू भन्छन्, 'दमाईं जाति लोकशिल्पकला, लोकवास्तुकला, लोकसंस्कृति, लोकसम्पदा र लोकसभ्यताका मूल आधारशिला हुन् । पञ्चेबाजा, नौमती बाजा, हुड्के, शिखर र बिजुली बाजा चर्चित छन् । विभिन्न शुभकार्य, जस्तै- विवाह, व्रतबन्ध, खेतीपातीको सुरुवात आदि कार्य गर्दासमेत शुभ साइतको लागि पञ्चेबाजा बजाउने चलन नेपाली समाजमा पुरानै हो ।' आजको बजार विकास हुनुपहिले जहाँ-जहाँ मानव समुदायको बसोवास हुँदै गयो, उनीहरूको संस्कृति जोगाउन पञ्जेबाजा बजाउनेदेखि कपडा सिलाएर अन्य जातिका मानिसलाई सहयोग गर्ने कार्यमा दमाईं जातिको भूमिका अतुलनीय रहँदै आयो । तर, विभेदकारी नेपाली समाजमा अभाव, गरिबी, भूमिहीन र शिक्षाको अवसरबाट वञ्चित यही समुदाय हुनु पऱ्यो । यो पुस्तक पश्चिम नेपालका विभिन्न जिल्लामा गरिएको अध्ययनका आधारमा तयार भएको छ, । यद्यपि पश्चिम हुँदै पूर्व पुगेका, हिमाल, पहाड र तराईमा समेत छरिएर बसोवास गर्ने दमाईं जातिको अवस्था र तिनको विवरण भने पुस्तक मोटो भईकन पनि कमी छ ।

डिजिटल सामग्रीले खर्लप्पै खाएको वर्तमान समयमा पठन संस्कृति कम हुँदै गएको छ । पुस्तक लामो छ । धेरै पाना र मूल्य पनि केही बढी नै भएको हुँदा यो पुस्तक अन्य आख्यान जसरी तत्काल बिक्री होला भन्ने लाग्दैन । यद्यपि आफ्नो इतिहास थाहा पाउन यो किताब दमाईं जातिले एकपटक अवश्य पढ्नैपर्छ भन्ने लाग्छ ।

दमाईं जातिले बाजा बजाउने र कपडा सिलाएर सबैको आङ ढाकेर मान्छेको इज्जत जोगाउने कार्यमा उल्लेख्य भूमिका निर्वाह गरिरहेका छन् । यो पुस्तक नेपालका प्राथमिक विद्यालयदेखि विश्वविद्यालय तहसम्मका हरेक पुस्तकालयमा हुन जरुरी छ । यो पुस्तक शिक्षकका लागि सन्दर्भ सामग्री पक्कै हो र अनुसन्धाता र शोधकर्ताका लागि पनि बहुउपयोगी सामग्री हो ।

‘जुनियर’ सहकर्मीलाई दुर्व्यवहार गर्ने एसएसपी पाल निलम्बित

काठमाडौं/ महिला प्रहरीलाई कार्यालयभित्रै यौन दुर्व्यवहार गरेको घटनामा नेपाल प्रहरीका एसएसपी योगबहादुर पाल निलम्बनमा परेका छन् । आन्तरिक छानबिनमा उनको गल्ती देखिएपछि प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयले उनलाई शुक्रबार निलम्बन गरेको हो ।

नेपाल प्रहरी प्रदेश कार्यालय कञ्चनपुरको प्रमुखका रूपमा कार्यरत रहँदा गत १९ जेठमा उनले महिला कर्मचारीलाई यौन दुर्व्यवहार गरेका थिए । बिदामा जान लागेकी महिला हवल्दारलाई निवासमा बोलाएर दुर्व्यवहार गरेका थिए । पीडितले सुदूरपश्चिम प्रदेश कार्यालयमा उजुरी दिएपछि छानबिन सुरु भएको थियो । सोही दिन उनलाई जिम्मेवारीबाट हटाइएको थियो ।



छानबिन प्रतिवेदनका आधारमा एसएसपी पाल निलम्बनमा परेको प्रहरी प्रवक्ता डिआइजी कुवेर कडायतले बताए । उनीमाथि अन्य विभागीय कारबाही पनि हुने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

बिदामा जान लागेकी कर्मचारीलाई उनले ‘तिमी मलाई मन पऱ्यो, आज गुड फ्राइडे मनाउनुपर्छ’ भन्दै आफूसँगै बस्न प्रस्ताव गरेका थिए । कार्यालयका अन्य महिला प्रहरीलाई पनि विगतमा त्यसैगरी दुर्व्यवहार गरेको छानबिनमा खुलेको थियो ।

विगतमा पनि यस्ता घटनामा एसएसपी पालमाथि छानबिन हुँदै आएको थियो । उनी राष्ट्रिय अनुसन्धान विभागबाट राजनीतिक सोर्सफोर्सका आधारमा नेपाल प्रहरीका स्थानान्तरण भएका अधिकृत हुन् ।

सशस्त्रका इन्स्पेक्टर पनि निलिम्बत

आफ्नै सहकर्मीमाथि कुटपिट गर्ने सशस्त्र प्रहरी निरीक्षक नमप्रभाव राई र जवानहरू रामसुन्दर तामाङ तथा जीवन बास्तोला पनि निलम्बनमा परेका छन् । प्रहरी निरीक्षक राईलाई गृह मन्त्रालय तथा जवानहरू तामाङ र बास्तोलालाई सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह बाहिनी मुख्यालय सुनसरीले निलम्बन गरेको हो । गत मंगलबार बेलुका उनीहरूले झापाको सीमा क्षेत्रमा कार्यरत कर्मचारीलाई राम्रोसँग ड्युटी नगरेको भन्दै कुटपिट गरी खोलामा डुबाएका थिए । स्थानीयले प्रतिकार गर्दा तनावपूर्ण अवस्था भएको थियो ।

घटनाको छानबिनका लागि सशस्त्रले कार्य विभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ ।

अब पाँच हजारमै ६६ पृष्ठको राहदानी

काठमाडौं/ सरकारले राहदानीको मूल्यमा एकरूपता कायम गरेको छ । यसअघि ६६ पृष्ठको राहदानीको १० हजार र ३४ पृष्ठको पाँच हजार रुपैयाँ शुल्क रहेकोमा मन्त्रिपरिषद् बैठकले एकरूपता कायम गरेको हो । अब पाँच हजारमै ६६ पृष्ठको पासपोर्ट सेवाग्राहीलाई उपलब्ध गराउने निर्णय भएको परराष्ट्रमन्त्री एनपी साउदले जानकारी दिए । ‘जनतालाई असुविधा नहोस् र सुपथ मूल्यमा फ्रिक्वेन्ट फ्लायरले लिँदै आएको पासपोर्ट सर्वसाधारणलाई उपलब्ध गराउने निर्णय गरेका हौं,’ उनले भने ।

मन्त्रिपरिषद्को २४ जेठको निर्णयअनुसार राहदानी विभागले शुक्रबार ७७ वटै जिल्ला प्रशासन कार्यालय, राहदानी सेवा प्रदान गर्ने इलाका प्रशासन कार्यालय र विदेशस्थित सबै नेपाली नियोगलाई परिपत्र गरेर राहदानीको नयाँ दस्तुर आइतबारदेखि लागू गर्न निर्देशन दिएको छ । ‘परिपत्रमा मन्त्रिपरिषद्को निर्णयअनुसार ६६ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुर ३४ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुरसरह कायम गर्ने गरी संशोधन गरिएको र आइतबारदेखि संशोधित दस्तुर लागू गर्न निर्देशन दिइएको छ,’ विभागकी निर्देशन दुरपदा सापकोटाले भनिन् । उनका अनुसार राहदानी दस्तुरसम्बन्धी अन्य व्यवस्था पूर्ववत् छ ।

यसअघि राहदानी विभागले जिल्ला प्रशासन कार्यालयबाट फ्रिक्वेन्ट फ्लायर (समय-समयमा विदेश गइरहने)लाई ६६ पृष्ठको राहदानी १० हजार रुपैयाँमा उपलब्ध गराउँदै आएको थियो । यस्तै, सामान्यतया विदेश जाने सेवाग्राहीलाई विभागले ३४ पृष्ठको राहदानी पाँच हजार रुपैयाँमा दिँदै आएको थियो ।

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशन मिति : २०८० साल असार २ गते शनिबार

यस सहकारी संस्थाको कार्यालय ललितपुर महानगरपालिका वडा नं ३ पुल्चोक, ललितपुरबाट व्यपार व्यवसाय गर्नको लागि घर, घर जग्गा/घडेरी धितो राखि कर्जा लिनु भएको तपशिलका ऋणी सदस्यले उपभोग गर्नु भएको कर्जाको साँवा तथा ब्याज समेत नतिरी नबूझाई लिखत बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जाको सावाँ ब्याज तिर्ने तर्फ कुनै प्रकारको पहल नगर्नु भएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो ३५ दिने सार्वजनिक सूचना फोटो सहितको तीन पुस्ते नाम प्रकाशित गरिएको छ । यो सूचनाको अवधि भित्र छिटो भन्दा छिटो कर्जा चुक्ता गर्नू हून तपशिलमा उल्लेखित गरिएका ऋणी सदस्यहरुलाई सूचित गरिन्छ । अन्यथा संस्था संग गरेको शर्त, कबुलियत साथै तमसुक बमोजिम धितो राखिएको घर/जग्गा जे जस्तो छ सोही अवस्थामा सहकारी ऐन, नियमावली, संस्थाको विनियम र प्रचलित कानुन बमोजिम लिलाम डाँक बढाबढ गरी बेचबिखन गरी कर्जा असुल गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशिल

क्र.सं	ऋणीको विवरण	जमानीको विवरण	धितो रहेको सम्पत्तीको विवरण
१	ऋणीको नाम : चन्द्र प्रसाद श्रेष्ठ बुबाको नाम : तिर्थलाल मकाजु श्रेष्ठ बाजेको नाम : कृष्णलाल श्रेष्ठ जिल्ला : काभ्रे धुलिखेल न.पा.वडा नं.९, नागरिकताको ठेगाना : भई हाल का.जि.का.म.न.पा. वडा नं. १० बुद्धनगर	श्रीमती : कविता श्रेष्ठ छोरा : आरोहण श्रेष्ठ साक्षी : गोपाल शाह	जिल्ला : काठमाण्डौ न.पा./गा.वि.स.: वडा नं. १०, काठमाण्डौ कि.नं. : १९२, १९४ क्षे.फ. : ०-२-२-२ कैफियत : घर जग्गा
२	ऋणीको नाम : सागर बगाले बुबाको नाम : रुक्मांगत बगाले बाजेको नाम : लिलाबल्लभ बगाले जिल्ला : स्याङ्जा वालिङ न.पा. वडा नं. ३	जमानी श्रीमती : बन्दना भण्डारी बगाले जमानी : निर्मल कुमार बराल जमानी : दिव्य बराल	जिल्ला : काठमाण्डौ न.पा./गा.वि.स.: वडा नं.२९, काठमाण्डौ कि.नं. : ३४५ क्षे.फ. : २७३ ब.मि. कैफियत : जग्गा जिल्ला : भक्तपुर न.पा./गा.वि.स.: वडा नं.९ घ मध्यपुर ठिमी कि.नं. : २८५ क्षे.फ. : ०-४-०-०
३	ऋणीको नाम : विदुर लामा बुबाको नाम : चिनबहादुर लामा बाजेको नाम : हर्क बहादुर लामा जिल्ला : काठमाण्डौ चाल्लाखेल गा.वि.स. वडा नं. ७	जमानी बस्ने : बिष्णु बहादुर राउत जमानी बस्ने : शोभाकर पोखेल जमानी बस्ने : मोहन कृष्ण लामा	जिल्ला : काठमाण्डौ न.पा./गा.वि.स.: वडा नं. ९ख, चाल्लाखेल कि.नं. : १९ क्षे.फ. : ४-१४-०-०.३ कैफियत : घर जग्गा
४	ऋणीको नाम : कृष्ण चौधरी बुबाको नाम : रामचन्द्र चौधरी बाजेको नाम : नौलाराम चौधरी जिल्ला : काठमाडौं, का.म.न.पा. वडा नं. २४,	आमा : रुकमा देवी चौधरी बुवा : रामचन्द्र चौधरी भाई : रमेश कुमार चौधरी श्रीमती : सरोज देवी चौधरी	जिल्ला : कास्की न.पा./गा.वि.स.: वडा नं. २, रुपाकोट कि.नं. : ४७२, ४७३, ४७४, ४७५ ४७७, १०७८, १०७५, १०७६ १०७७, १०७२, ३३१८, ३३२० ३३२२, ३३२६, ३३२४, ४७६, १०६७ ३३३२, ३३२८, ३३३४, ३३३६, ३३३० ३३३१ क्षे.फ. : २-१-१-०, ०-२-३-३ ०-७-२-२, ०-५-०-३, २-७-०-० १-१४-१-०, १-१२-२-२, १-८-२-० १-८-१-०, ०-७-३-०, ०-१२-१-२ ०-९-१-१, १-१-०-२, १-५-०-० ३-१३-१-२, ०-११-२-२, ५-११-१-१ ०-६-३-२, २-७-३-१, ३-७-०-१ १-४-२-१, १-५-२-० कैफियत : घर जग्गा

सुमेरु सेमिङ एण्डक्रेडिट सहकारी संस्था लिमिटेड
ललितपुर महानगरपालिका -३, पुल्चोक, ललितपुर ।
फोन नं. ०१-५५५५५५०/०१-५५४४५५५, Email:sumeru@wlink.com.np

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.पा.-३२, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

धितो लिलाम गर्ने बारे ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०३/०२ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको कार्यालय का.म.न.पा.-३२ तिनकुने काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण रकम, ऋण लिदा गरेको शर्त कबुलियत बमोजिम संस्था लाई तिर्नुपर्ने रकम भुक्तानी नगरी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले बक्यौता रकम भुक्तान गर्न पटक-पटक मौखिक तथा लिखित तर ताकेता गर्नुका साथै ऋण रकम चुक्ता भुक्तानी गर्न आउन भनि मिती २०७९/०७/२९ गतेका दिन ३५ दिने, मिती २०७९/१२/०७ गतेका दिन २१ दिने, मिति २०७९/०९/२३ गतेका दिन १५ दिने सार्वजनिक सुचना प्रकाशित गरेकोमा, ऋणी तथा जमानीकर्ताले सोको पुर्ण बेवास्ता गरी ऋण चुक्ता गर्ने तर्फ कुनै चाँसो पहल नगरेकोले यो सुचना प्रकाशित गरीएको छ । अत यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र उक्त ऋणको सम्पुर्ण सावाँ, व्याज, हर्जना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उक्त म्याद भित्र समेत कर्जा/ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ता लगायत सम्बद्ध सबैलाई संस्थाको आन्तरीक नीति नियम तथा कार्यविधी, सहकारी ऐन २०७४, नियमावली २०७५, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र प्रचलित अन्य ऐन कानुन बमोजिम ऋणीले ऋण लिंदा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखी/लेखाई दिएको तपशिलमा उल्लेखित सम्पती जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरीने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति, संघ संस्थाले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा निम्न मिति, समय, स्थानमा निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नहुन आव्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरु ८ औं (सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट) खोलिने भएको हुंदा सो सम्पत्ति खरीद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सुचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्रि नभएमा सो सम्पत्ति संस्था आफैले सकार गरी लिन सक्नेछ । उक्त सम्पत्ति लिलाम बिक्री गर्ने वा संस्था आफैले सकारगरी लिंदा उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा सहकारी सस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन र उक्त सम्पत्तिबाट संस्थाको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम बाँकी लेना रकम ऋणी र व्यक्तिगत जमानीकर्ताबाट कानुन बमोजिम असुलीका लागी कानुनी कार्वाही समेत अघि बढाउने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
नाम : विजय विष्ट बाबुको नाम: राम कृष्ण विष्ट बाजेको नाम : कृष्ण बहादुर विष्ट ठेगाना: कीर्तिपुर न.पा-४, काठमाण्डौं ना.प्र.नं.: २७१०५८/२३७९३ जारी मिति/जिल्ला २०६५/०४/२०, काठमाण्डौं	**नाम : सोनी पाखिन विष्ट** ससुराको नाम: राम कृष्ण विष्ट पतिको नाम : विजय विष्ट बाबुको नाम- पूर्ण बहादुर पाखिन ठेगाना: कीर्तिपुर न.पा-४, काठमाण्डौं ना.प्र.नं.: ३१-०१-७१-०५६४२, जारी मिति/जिल्ला २०७१/०६/२७, काठमाण्डौं
धितो बिवरण कृष्ण बहादुर विष्टको नाति राम कृष्ण विष्टको छोरा विजय विष्टको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौंमा दर्ता श्रेष्ता कायम भएको काठमाण्डौं जिल्ला मच्छेगाउँ वडा नं.५क कित्ता नं.३४७ को क्षेत्रफल १२७.१६ वर्ग मिटर भएको जग्गा र ऐ.ऐ कि.न. ३४५को क्षेत्रफल १५८.९५ व.मी भएको जग्गा र सो जग्गाले चर्चेको लिगालपात समेत ।	
नाम : विजय विष्ट बाबुको नाम: राम कृष्ण विष्ट बाजेको नाम : कृष्ण बहादुर विष्ट ठेगाना: कीर्तिपुर न.पा-४, काठमाण्डौं ना.प्र.नं.: २७१०५८/२३७९३ जारी मिति/जिल्ला २०६५/०४/२०, काठमाण्डौं	**नाम : सिता विष्ट** पतिको नाम: राम कृष्ण विष्ट ससुराको नाम : कृष्ण बहादुर विष्ट बाबुको नाम- ललित बहादुर धिमाल ठेगाना: कीर्तिपुर न.पा-४, काठमाण्डौं ना.प्र.नं.: ८१७७/२७३३५ जारी मिति/जिल्ला २०४७/०२/१८, काठमाण्डौं
धितो बिवरण १) कृष्ण बहादुर विष्टको नाति राम कृष्ण विष्टको छोरा विजय विष्टको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौंमा दर्ता श्रेष्ता कायम भएको काठमाण्डौं जिल्ला मच्छेगाउँ वडा नं. ५क कित्ता नं. ४८० को क्षेत्रफल २३०.४८ वर्ग मिटर भएको जग्गा र सो जग्गाले चर्चेको लिगालपात समेत । २) कृष्ण बहादुर विष्टको बुहारी राम कृष्ण विष्टको पत्नि, ललित बहादुर धिमालको छोरी सिता विष्टको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौंमा दर्ता श्रेष्ता कायम भएको काठमाण्डौं जिल्ला मच्छेगाउँ वडा नं. ५ क कित्ता नं. ४७९ को क्षेत्रफल ५००.७० वर्ग मिटर भएको जग्गा र सो जग्गाले चर्चेको लिगालपात समेत ।	

बोलपत्र सम्बन्धी शर्तहरु:

१. बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, तीनकुनेबाट रु.५००/-बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले ७औं (सातौं) दिन भित्र संस्थाको सम्बन्धीत कार्यालय का.म.पा.-३२, तिनकुने, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट उल्लेखित समय भित्र खोलिने छ ।
४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छ । साथै बोलपत्र फारममा उल्लेखित शर्त तथा बन्देजहरु यसै सूचनाको अभिन्नअंग हुनेछ ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०३/०२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने सावाँ किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७८/११/१२ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको भैरहवा शाखा कार्यालय रुपन्देहीमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा मिति २०६४/०६/१० मा प्रा.फ.र.नं. २१६५० अन्तर्गत दर्ता भएको **श्री एम एल वि के एण्ड सन्स** । ठेगाना: रुपन्देही जिल्ला सिद्धार्थनगर न. पा. वडा नं. ६ ।

ऋणी फर्मका प्रोप्राईटरको विवरण

मोती लाल बेरीवालको नाति विनोद कुमार बेरीवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ५ बस्ने ना.प्र.नं. ५४८१ (जारी मितिः २०५२/१२/१८, स्थान रुपन्देही) ठेगाना भएका **श्री अभिषेक बेरीवाल** ।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गौरीशंकर बेरीवालको नाति मोती लाल बेरीवालको छोरा रुपन्देही जिल्ला साविक भैरहवा नगरपञ्चायत वडा नं. ५ हाल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ५ बस्ने ना.प्र.नं. ८५२ (जारी मितिः २०२८/०२/२६, स्थान रुपन्देही) ठेगाना भएका **श्री विनोद कुमार बेरीवाल** ।
२. पवन कुमार जालानको छोरी अभिषेक बेरीवालको श्रीमती रुपन्देही जिल्ला सिद्धार्थनगर न. पा. वडा नं. ५ बस्ने ना.प्र.नं. ३७-०१-७१-०३९२९ (जारी मितिः २०७१/०४/२२, स्थान रुपन्देही) स्थायी ठेगाना भएकी **श्रीमती प्रिती जालान बेरीवाल** ।

धितोको विवरण

रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ५ बस्ने **श्री अभिषेक बेरीवाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिद्धार्थनगर न. पा. वडा नं. १ सिट नं. १ ड कित्ता नं क्रमशः २८३, २८४, २४० र ६३३ को क्षेत्रफल क्रमशः ०-१-५, ०-१-०, ०-१-० र ०-१-० बिगाहाका जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **शाखा कार्यालय भैरहवा, रुपन्देही**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७९/०३/१७ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **शाखा कार्यालय भैरहवा, रुपन्देही**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०७९/०३/१८ गते ३:०० बजे बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस **बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

संक्षेप

जिप दुर्घटनामा चालकको ज्यान गयो

दाङ/ तुलसीपुर- ३ शिरखोलामा शुक्रबार भएको जिप दुर्घटनामा चालकको मृत्यु भएको छ । तुलसीपुरदेखि रोल्पा गंगादेव गाउँपालिका- १ ओतका लागि छुटेको जिप दुर्घटना हुँदा चालक गंगादेव- १ निवासी अन्दाजी ३२ वर्षीय विष्णु पुनको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए । गाडीमा १० जना सवार थिए । तीमध्ये सबै घाइते भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक पुष्पराज मल्लले जानकारी दिए । उनका अनुसार दुर्घटनामा परी ६ जना गम्भीर घाइते छन् ।

गम्भीर घाइतेमध्ये चारजनालाई थप उपचारका लागि बाँकेको कोहलपुर रेफर गरिएको छ । अन्यको प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको छ । रा.१ज ५५६ नम्बरको यात्रुवाहक जिप सडकदेखि ६० मिटर तल खसेको थियो । शुक्रबार बिहान साढे १० बजेतिर दुर्घटना भएको हो । तीव्र गतिका कारण दुर्घटना भएको हुन सक्ने प्रहरीले अनुगमान गरेको छ । यो विषयमा थप अनुसन्धान भइरहेको छ ।

लिचीको दाना अड्किँदा बालकको मृत्यु

सिन्धुली/ लिची खाँदा दाना घाँटीमा अड्किएर एक बालकको मृत्यु भएको छ । कमलामाई नगरपालिका- ६ धुराबजारका तीन वर्षीय क्रियान तामाङको घाँटीमा लिचीको दाना अड्किएर मृत्यु भएको हो । लिचीको दाना अड्किएपछि बिहीबार राति उनलाई उपचारका लागि सिन्धुली अस्पताल लगिएको थियो । तर, उनलाई बचाउन नसकिएको चिकित्सकले बताएका छन् ।

यसैबीच, सुनकोसी गाउँपालिका- २ गजुलीदहस्थित सुनकोसी नदीकिनारमा एक बालकको शव फेला परेको छ । बिहीबार साँझ बालकको शव फेला परेको प्रहरी नायब उपरीक्षक चिरञ्जीवी दाहालले जानकारी दिए । सुनकोसी- २ गजुलीदहस्थित सुनकोसी नदीको किनारमा नाम-ठेगाना खुल्न नसकेको अवस्थामा अन्दाजी नौ वर्षको बालकको शव फेला परेको प्रहरीले जनाएको छ ।

बाढीपहिरोको उच्च जोखिम

झापा/ कोसी प्रदेश सरकारले प्रदेशअन्तर्गतका सात जिल्ला बाढी र पहिरोको उच्च जोखिममा रहेको बताएको छ । प्रदेश सरकारले यस वर्ष बाढीपहिरोबाट ६८ हजार नौ सय ११ घरधुरीका तीन लाख एक हजार एक सय ४३ जनसंख्या प्रभावित हुनेसमेत अनुमान गरेको छ । मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० अनुसार कोसी प्रदेशमा झापा, मोरङ, सुनसरी, उदयपुर बाढी र खोलुखुम्बु, ताप्लेजुङ र तेह्रथुम पहिरोको उच्च जोखिममा रहे

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २ असार ०८०

वास्तविक खर्चभन्दा २०% ठूलो बजेट ल्याए प्रदेशले

जनकपुरमा **हदिश खुद्दार**, मकवानपुरमा **पोष्टराज अधिकारी**, कास्कीमा **रोहितराज पराजुली**, दाङमा **दीपक बोहरा**, सुर्खेतमा **रमेश रावल**, धनगढीमा **तेजराज भट्ट**, काठमाडौंमा **मिलन विश्वकर्मा**

सातै प्रदेशले चालू आव ०७९/८० को संशोधित खर्च अनुमानभन्दा २० प्रतिशत ठूलो हुने गरी आगामी आव ०८०/८१ को बजेट ल्याएका छन्। कोसी प्रदेशले बिहीबार र अन्य ६ प्रदेशले शुक्रबार आ-आफ्ना प्रदेश सभामा प्रस्तुत गरेको बजेटको आकार दुई खर्ब ७९ अर्ब ६१ करोड ९६ लाख रुपैयाँ छ, जुन चालू आवको संशोधित खर्च अनुमानभन्दा ४६ अर्ब ७२ करोड ६७ लाखभन्दा बढी हो।

चालू आवमा सात प्रदेशको कुल संशोधित खर्च अनुमान दुई खर्ब ३२ अर्ब ८९ करोड २९ लाख रुपैयाँ छ। तर, आउँदो आवका लागि प्रदेशहरूले खर्च गर्ने क्षमताभन्दा ठूलो आकारको बजेट ल्याएका छन्। संघीयता तथा योजनाविज्ञ डा. खिमलाल देवकोटाले प्रदेशहरूको खर्च गर्ने क्षमता अझै कमजोर रहेको बताए। खर्च गर्न सक्ने गरी मात्रै बजेट ल्याउँदा उपयुक्त हुने उनको भनाइ छ। 'यसै पनि प्रदेशहरूको वित्तीय जग कमजोर छ। स्रोतका लागि संघीय सरकारमै बढी निर्भर हुनुपर्छ। त्यसमाथि प्रदेशहरूको खर्च गर्ने क्षमता पनि कमजोर छ,' उनले भने, 'यद्यपि, आवश्यक कानुन र कर्मचारी नहुँदा पनि खर्च गर्ने क्षमता कमजोर होला। तर, प्रदेशहरूले खर्च गर्न सक्ने गरी बजेट ल्याएमा राम्रो हुने थियो।'

■ बजेटको आकार भने घट्यो

चालू आवको तुलनामा प्रदेशहरूको आगामी आवको बजेट ८.४६ प्रतिशतले कम हो। चालू आवमा सात प्रदेशले कुल तीन खर्ब पाँच अर्ब ४६ करोड रुपैयाँबराबरको बजेट ल्याएका थिए। तर, आगामी आवका लागि कुल दुई खर्ब ७९ अर्ब रुपैयाँको बजेट ल्याएका छन्। कर्णाली प्रदेशबाहेक सबै प्रदेशले बजेटको आकार घटाएका छन्।

विशेष गरी पछिल्लो समय सरकारी स्रोतमा देखिएको चापलाई दृष्टिगत गर्दै प्रदेशहरूले बजेटको आकार घटाएको देखिन्छ। साथै, यसपालि संघीय सरकारले प्रदेशलाई दिने अनुदान पनि घटाएको छ। त्यसै कारणले पनि बजेटको आकार घटेको सरोकारवालाहरू बताउँछन्। प्रदेशहरूले आव ०७५/७६ देखि वार्षिक बजेट ल्याउँदै आएका छन्। त्यसयता आव ०७८/७९ मा बाहेक प्रदेश बजेटको आकार बढ्दै गएको थियो। तर, यसपालि बजेटको आकार बढ्ने प्रवृत्तिमा रोकिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ ५७ प्रतिशत पुँजीगत बजेट

सात प्रदेशले ल्याएको बजेटमा सबैभन्दा बढी पुँजीगत बजेट रहेको छ। आगामी आवमा प्रदेशहरूले पुँजीगततर्फ ५७ प्रतिशत अर्थात् एक खर्ब ५९ अर्ब ४८ करोड ४५ लाख रुपैयाँ छुट्याएका छन्। यसैगरी, चालूतर्फ ९३ अर्ब ३५ करोड ४४ लाख, वित्तीय हस्तान्तरणतर्फ २४ अर्ब दुई करोड ६ लाख र वित्तीय व्यवस्थामा दुई अर्ब ७६ करोड रुपैयाँ छुट्याइएको छ।


■ बजेट आकार : बागमतीको ठूलो, सुदूरपश्चिमको सानो

आगामी आवका लागि बागमती प्रदेशले सबैभन्दा ठूलो बजेट ल्याएको छ। आगामी आवका लागि बागमतीले ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट ल्याएको छ, जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो। बागमतीले पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख रुपैयाँको बजेट ल्याएको छ। यसैगरी, चालूतर्फ १९ अर्ब १२ करोड ८१ लाख रुपैयाँ, वित्तीय हस्तान्तरणतर्फ सात अर्ब ५७ करोड ४६ लाख रुपैयाँ र वित्तीय व्यवस्थामा ५० करोड रुपैयाँ बजेट छुट्याइएको छ।

यसैगरी सबैभन्दा कम आकारको बजेट भने सुदूरपश्चिमले ल्याएको छ। उक्त प्रदेशले आगामी आवका लागि २९ अर्ब २६ करोड ५९ लाख रुपैयाँको बजेट ल्याएको छ, जुन अन्य प्रदेशको तुलनामा कम हो। सुदूरपश्चिमले पुँजीगततर्फ १७ अर्ब दुई करोड २४ लाख रुपैयाँ बजेट छुट्याएको छ। यसैगरी, चालूतर्फ नौ अर्ब ५९ करोड ६० लाख रुपैयाँ, वित्तीय हस्तान्तरणतर्फ दुई अर्ब ३४ करोड ७५ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ ३० करोड रुपैयाँ छुट्याएको छ।

■ कर्णालीले बजेट बढायो, सुदूरपश्चिमले स्वाट्टै घटायो

अन्य ६ प्रदेशले बजेटको आकार घटाउँदा कर्णालीले भने बढाएको छ। चालू आवमा कर्णाली प्रदेशले ३२ अर्ब ६१ करोड ६१ लाख रुपैयाँको बजेट ल्याएको थियो। तर, आगामी आवका लागि कर्णाली प्रदेशले ३३ अर्ब ३७ करोड ९७ लाख रुपैयाँको बजेट ल्याएको छ। त्यसबाहेक अन्य प्रदेशले बजेट घटाएका छन्। त्यसमा पनि सुदूरपश्चिम प्रदेशले बजेटको आकार स्वाट्टै घटाएको छ। चालू आवमा उक्त प्रदेशले ३६ अर्ब ७४ करोड ६४ लाख रुपैयाँको बजेट ल्याएको थियो। तर, आगामी आवका लागि त्योभन्दा २०.३५ प्रतिशत कम अर्थात् २९ अर्ब २६ करोड रुपैयाँको बजेट उक्त प्रदेशले ल्याएको छ।



स्रोत : सम्बन्धित प्रदेशको बजेट वक्तव्य ०८०/८१ (रकम रु. लाखमा)

■ मधेसको बजेट ४४ अर्ब ११ करोड



सञ्जयकुमार यादव
अर्थमन्त्री

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजारको बजेट सार्वजनिक गरेको छ। प्रदेशका अर्थमन्त्री सञ्जयकुमार यादवले चालू आवको भन्दा चार अर्ब कम आकारको बजेट प्रदेश सभामा पेस गरेका हुन्।

कुल बजेटमध्ये चालूतर्फ १८ अर्ब २१ करोड ७६ लाख, पुँजीगततर्फ २५ अर्ब ६९ करोड ७० लाख र वित्तीय व्यवस्थातर्फ २० करोड विनियोजन गरिएको छ।

त्यसमा आन्तरिक आम्दानी स्रोतबाट चार अर्ब ३७ करोड ८१ लाख, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट आउने ११ अर्ब ३८ करोड १९ लाख, सामान्यीकरण अनुदानको सात अर्ब ४१ करोड ५० लाख, चालू आवमा खर्च नभएर बाँकी रहने १२ अर्ब ९० करोड ११ लाख, विशेष अनुदान ४९ करोड, समपूरक अनुदान ९८ करोड र ससर्त अनुदानको चार अर्ब ५६ करोड ८५ लाख र अपुग हुने दुई अर्ब रुपैयाँ रकम आन्तरिक ऋणबाट बजेटको स्रोत जुटाइने भएको छ।

कृषि क्षेत्रलाई आधुनिकीकरण एवं बजारीकरण, कृषिमा स्वरोजगार कार्यक्रम तथा कृषि पेसाप्रति युवाहरूलाई आकर्षित गर्न प्रदेश सरकारले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई दुई अर्ब ६२ करोड ८५ लाख बजेट विनियोजन गरेको छ। एक वडा एक विशेष उत्पादन, एक पालिका एक उत्पादन कार्यक्रमका लागि १० करोड रकम विनियोजन गरिएको छ। पशु बिमा कार्यक्रमका लागि २० करोड, हरेक खेतमा पानी, किसानको आम्दानी कार्यक्रमका लागि १५ करोड छुट्याइएको छ।

प्रदेश सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पाँच अर्ब ४६ करोड ३४ लाख बजेट विनियोजन गरेको छ। प्रदेशको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा मानव अंग प्रत्यारोपण सेवा सुरु गर्न बजेट छुट्याइएको छ। प्रादेशिक अस्पताल सिराहालाई स्तरोन्नति गरी एक सय ५० बेड, जलेश्वर अस्पताल, मलंगवा, गौरलाई सय बेडको अस्पतालमा स्तरोन्नति गर्न ३० करोड रकम विनियोजन गरिएको छ। संघीय सरकारको समन्वयमा बाल अस्पताल सञ्चालन गर्न पाँच करोड, प्रदेश क्यान्सर अस्पताल सञ्चालन गर्न १० करोड, प्रदेशमा ब्लड बैंकलाई व्यवस्थित गर्न पाँच करोड र बर्थिङ सेन्टर सेवालाई विस्तार गर्न २५ करोड रकम विनियोजन गरिएको छ।

प्रदेश सरकारले प्रादेशिक सडक योजनालाई निरन्तता दिन तथा स्थानीय सडक निर्माणका लागि दुई अर्ब बजेट विनियोजन गरेको छ। जनता आवास कार्यक्रम, महेन्द्रनारायण निधि आवास योजनालाई आगामी आर्थिक वर्षमा निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ। चालक अनुमतिपत्र सहज रूपमा व्यवस्थापन गर्न ३० करोड, सिँचाइ डिप ट्युबेलका लागि एक अर्ब २० करोड रकम बजेट छुट्याएको छ।

दलित सामुदायको उत्थानमा १५ करोड, थारू, मुस्लिम तथा आदिवासी तथा उत्पीडनमा परेका वर्गको आर्थिक समृद्धि र उत्थानका लागि विभिन्न कार्यक्रम गर्न १५ करोड रकम विनियोजन गरेको छ। संसदीय क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिन दुई अर्ब ३५ करोड रुपैयाँ रकम विनियोजन गरेको छ।

■ बागमतीमा पौने ६३ अर्बको बजेट



बहादुरसिंह लामा
आर्थिक मामिला तथा योजनामन्त्री

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६२ अर्ब ७८ करोड ९० लाखको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिलामन्त्री बहादुरसिंह लामाले चालू आवको भन्दा आठ अर्ब कम रकमको बजेट प्रदेश सभामा पेस गरेका हुन्। चालू आवका लागि ७० अर्ब ९४ करोडको बजेट ल्याइएको थियो।

कुल बजेटमध्ये चालू खर्चतर्फ २६ अर्ब ७० करोड र पुँजीगततर्फ ३५ अर्ब ५० करोड लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। वित्तीय व्यवस्थापनतर्फ ५० करोड रुपैयाँ बजेट छुट्याइएको छ। बजेटको स्रोत आन्तरिक राजस्वबाट २५ अर्ब १७ करोड, अन्य राजस्वबाट पाँच अर्ब २७ करोड, संघीय वित्तीय हस्तान्तरणबाट १७ अर्ब ८१ करोड, चालू आवको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ४५ करोड रुपैयाँ व्यहोरिने भएको छ।

बागमती प्रदेशको सबलीकरण र सार्वजनिक सेवा प्रवाह, भौतिक पूर्वाधार, कृषि क्षेत्रको रूपान्तरण, वनको व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक तथा निजी क्षेत्रको प्रवर्द्धन बजेटको प्राथमिकतामा छन्। सरकारले कृषि तथा पशुपक्षी मन्त्रालयलाई तीन अर्ब ३८ करोड, पर्यटन उद्योग तथा सहकारी मन्त्रालयलाई दुई अर्ब १६ करोड, वन तथा वातावरण मन्त्रालयलाई तीन अर्ब तीन करोड, श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई ७७ करोड, स्वास्थ्य मन्त्रालयलाई चार अर्ब सात करोड, सामाजिक विकास मन्त्रालयलाई चार अर्ब, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई २१ अर्ब ६६ करोड, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई सात अर्ब ४६ करोड, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ६१ करोड ७८ लाख, प्रदेश नीति तथा योजना आयोगका लागि चार करोड ६२ लाख विनियोजन गरिएको छ।

प्रदेश सरकारका कार्यालयहरूको प्रशासकीय भवनबाहेक अन्य भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्ने घोषणा गरिएको छ। यस्तै, विभिन्न निकायहरूबाट मापदण्ड, कार्यविधि, निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएको अतिरिक्त भत्ता, प्रोत्साहन भत्ता र विशेष भत्ताहरू खारेज गर्ने पनि बजेटमा उल्लेख छ।

आगामी वर्ष प्रदेश सरकारको थप दरबन्दी र संगठन सिर्जना नगर्ने, सवारीसाधन खरिद नगर्ने, निर्देशनालय, दुग्ध विकास बोर्ड र सहकारी विकास बोर्डको पुनर्संरचना गरिने, प्रदेश खेलकुद विकास परिषद् र प्रदेश युवा परिषद्लाई एकीकृत गरी प्रदेश युवा तथा खेलकुद परिषद् स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिने भएको छ।

प्रदेशभित्र उत्पादनमूलक उद्योग स्थापना गर्ने घरजग्गा दर्तामा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने घोषणा गरिएको छ। काठमाडौं र भरतपुर महानगर तथा हेटौंडा उपमहानगरपालिकाबाहेकका अन्य पालिकामा उत्पादनमूलक उद्योग स्थापनाका लागि जग्गा खरिद गर्दा दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइने भएको छ।

सरकारले आगामी आवको बजेटमार्फत करको दर हेरफेर गरेको छ। सिसाको पुल (स्काई वाक), भ्यु टावर, स्विङ र केबलकारमा पाँच प्रतिशत मनोरञ्जन कर लगाउने मन्त्री लामाले घोषणा गरेका छन्। बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयमा दर्ता भएर २० वर्ष पूरा भएका कारण सञ्चालनमा आउन नसक्ने सार्वजनिक सवारीसाधनको २० वर्ष अवधिको तिर्न बाँकी कर र नवीकरण दस्तुरमा ०८० फागुनसम्म बुझाए जरिवानामा ९० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

■ गण्डकीले ल्यायो चार अर्ब ७० करोड घाटा बजेट



जितप्रकाश आलेमगर
आर्थिक मामिलामन्त्री

गण्डकी प्रदेश सरकारले आगामी आव ०८०/८१ का लागि चार अर्ब ७० करोड रुपैयाँ घाटाको बजेट ल्याएको छ। अर्थमन्त्री जितप्रकाश आलेमगरले सार्वजनिक गरेको ३३ अर्ब ४२ करोड ७२ लाखको बजेटमा आन्तरिकसँगै केन्द्रबाट विभिन्न शीर्षकमा प्राप्त हुने रकममध्ये सोबराबरको रकम न्यून हुने देखिएको हो।

बजेटमा केन्द्रबाट प्राप्त हुने समानीकरण अनुदान सात अर्ब ६२ करोड २५ लाख, राजस्व बाँडफाँटबाट आठ अर्ब पाँच करोड ३२ लाख, रोयल्टी बाँडफाँटबाट ४० करोड आठ लाख, ससर्त अनुदान चार अर्ब ९४ करोड १५ लाख, समपूरक अनुदान ८४ करोड, विशेष अनुदान ७० करोड, आन्तरिक राजस्वमार्फत पाँच अर्ब १६ करोड ९१ लाख प्राप्त हुने उल्लेख छ। अपुग हुने चार अर्ब ७० करोडमध्ये चालू आवको असार मसान्तसम्ममा खर्च भई बाँकी रहने मौज्दात तीन अर्ब र आन्तरिक ऋणबाट एक अर्ब ७० करोड पूर्ति हुने गरी बजेटमा व्यवस्था गरिएको छ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिँदै प्रतिनिर्वाचन क्षेत्र दुई करोडका दरले ७२ करोड रुपैयाँ विनियोजन गरेको छ। त्यस्तै, उत्पादनमा आधारित अनुदानका लागि सात करोड ३० लाख, प्रदेश सरकारको साझेदारी बाँझो रहन्न खेतबारी अभियानका लागि एक करोड ५२ लाख, शीतभण्डार स्थापनाका लागि चार करोड ८५ लाख, कृषि तथ्यांक नियमित र अद्यावधिक गर्न एक करोड, नमुना कृषि कार्यक्रम तथा प्रविधिमैत्री स्मार्ट फर्मका लागि आठ करोड ३० लाख, रैथाने बाली संरक्षणका लागि दुई करोड १४ लाख, ग्रामीण पोषण सुरक्षा कार्यक्रमका लागि दुई करोड २५ लाख, पहाडी क्षेत्र काष्ठफल र शीतोष्ण फलफूल खेतीका लागि २४ करोड आठ लाख, पूर्ण खोप कार्यक्रम सञ्चालनका लागि १६ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

पोखरालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधारको विकास, विभिन्न स्थानमा पदमार्गको विकासका लागि सम्भाव्यता अध्ययन, कोसेली घर स्थापनाका लागि चार करोड ६० लाख र घरेलु मदिराको गुणस्तर वृद्धि तथा ब्रान्डिङसहित विभिन्न कामका लागि आवश्यक वजेट विनियोजन गरिएको छ।

खानेपानी, सिँचाइ र ऊर्जाअन्तर्गत 'एक घर एक धारा' कार्यक्रम-खानेपानी आयोजनाहरूका लागि दुई अर्ब ७० करोड बजेट विनियोजन भएको छ, जसबाट ३० हजार धारा जडान गर्ने लक्ष्य राखिएको छ। भौतिक पूर्वाधार विकासअन्तर्गत सडक र पुलका पूर्वाधार निर्माणका लागि ११ अर्ब १६ करोड रुपैयाँ विनियोजन भएको छ। जसमा तीन सय किलोमिटर कालोपत्रे २५ वटा पुल र २० वटा झोलुंगे पुल, बुढीगण्डकी, मर्स्याङ्दी, क्रिशूली र शालिग्राम करिडोरको विस्तृत आयोजना प्रतिवेदन शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नतिलगायतका कार्यक्रम पनि रहेका छन्। नियमित मर्मत-सम्भार दिगो सडकको आधार कार्यक्रमका लागि २१ करोड ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

■ लुम्बिनीको बजेट साढे ४० अर्ब



धनबहादुर मास्की
आर्थिक मामिलामन्त्री

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि करिब साढे ४० अर्ब रुपैयाँको बजेट प्रस्तुत गरेको छ। आउँदो आवका लागि प्रदेशका आर्थिक मामिलामन्त्री धनबहादुर मास्कीले ४० अर्ब ४७ करोड ८९ लाख ९७ हजार रुपैयाँबराबरको बजेट प्रदेश सभामा पेस गरेका हुन्। जसमा चालूतर्फ १३ अर्ब ६३ करोड ३० लाख ९९ हजार रुपैयाँ र पुँजीगततर्फ २३ अर्ब २५ करोड ६९ लाख रुपैयाँ छुट्याइएको छ। त्यस्तै, वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ५८ करोड ९७ लाख रुपैयाँ रहेको छ। प्रतिशतका हिसाबले चालूतर्फ ३३.६८ प्रतिशत, पुँजीगततर्फ ५७.४५ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ ८.८७ प्रतिशत रहेको छ।

बजेटले आगामी वर्ष आन्तरिक राजस्वबाट ६ अर्ब ७३ करोड ५१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट ११ अर्ब ३१ करोड ७४ लाख, संघबाट प्राप्त हुने रोयल्टी २९ करोड, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व दुई अर्ब ५० करोड ३० लाख रुपैयाँ स्रोतका रूपमा अनुमान गरेको छ।

त्यस्तै, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब १४ करोड ८३ लाख, ससर्त अनुदानबाट पाँच अर्ब ८३ करोड ५९ लाख, समपूरक अनुदानबाट ८४ करोड, विशेष अनुदानबाट ५६ करोड, चालू आर्थिक वर्षको नगद मौज्दातबाट तीन अर्ब र आन्तरिक ऋणबाट एक अर्ब २५ करोड रुपैयाँ परिचालन हुने अनुमान रहेको छ। चालू वर्ष ०७९/०८ मा ४२ अर्ब ६३ करोड ५७ लाख रुपैयाँको बजेट आएकोमा आउँदो आवका लागि भने चालू आवको भन्दा दुई अर्ब १५ करोड रुपैयाँ घटाएर बजेट ल्याइएको छ।

आगामी आवका लागि अर्थमन्त्री मास्कीले स्थानीयस्तरमा उत्पादन हुने मदिरालाई वैधानिक बनाउनका लागि पहल गर्न बजेट विनियोजन गरेका छन्। आदिवासी जनजाति समुदायबाट परम्परागत सीपका आधारमा उत्पादित महुवा, अनदी, कोदो, मकै, जामुन, टिमुर, कुरिलो आदिको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्रान्डिङ गर्न कानुनी व्यवस्थाका लागि आवश्यक औद्योगिक प्रवर्द्धन कार्यक्रम गर्न १२ करोड, ८९ लाख बजेट तर्जुमा गरिएको हो। जसबाट ७५ हजारले रोजगारी पाउने अपेक्षा गरिएको छ।

वन क्षेत्रमा फलफूल, काजु, ओखर, बेसार खेतीलगायतका बाली प्रवर्द्धन गरी आयआर्जनका कार्यक्रम सञ्चालन गर्न पनि बजेटको व्यवस्था गरिएको छ। प्रदेशका सबै जिल्लामा साना आयोजनामार्फत तीन सय हेक्टर क्षेत्रमा सिँचाइ पुऱ्याउन नौ करोड ९५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

अचार, गुन्द्रुक, मस्यौरा, केचअप, भाँगो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी, महुवा र कोदोको परिकारलगायतका प्रशोधित वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्न दुई करोड ५५ लाख रुपैयाँ छुट्याइएको छ। प्रदेशमा माछाको उत्पादन वृद्धि तथा स्थानीय माग पूरा गर्न ३५ हेक्टर क्षेत्रफलमा कृत्रिम जलाशय विस्तार र स्थानीय तहको समन्वयमा बर्दिया, दाङ, कपिलवस्तु, नवलपरासीमा सय हेक्टर क्षेत्रफलमा प्राकृतिक जलाशयको संरक्षण तथा उपयोग गरी माछाको उत्पादन बढाउने कार्यक्रम सञ्चालनका लागि तीन करोड ६० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

■ कर्णालीले ल्यायो ३३ अर्ब ३७ करोड बजेट



वेदराज सिंह
आन्तरिक मामिला तथा योजनामन्त्री

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३३ अर्ब ३७ करोड ९७ लाख सात हजारको बजेट सार्वजनिक गरेको छ। जसमा चालूतर्फ नौ अर्ब २० लाख २४ हजार र पुँजीगततर्फ १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार विनियोजन गरिएको छ।

चालू आर्थिक वर्षका लागि ३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजारको बजेट सार्वजनिक गरिएको थियो। कर्णालीका आन्तरिक मामिला तथा योजनामन्त्री वेदराज सिंहले आगामी आवका लागि पौने अर्ब रुपैयाँभन्दा बढीको बजेट प्रदेश संसद्मा पेस गरेका हुन्।

कर्णाली प्रदेशको मुख्य समस्याका रूपमा रहेको गरिबी अन्त्य गर्नका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्ने अर्थमन्त्री सिंहले बजेटमार्फत घोषणा गरेका छन्। 'शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार : त्यसका लागि पूर्वाधार' भन्ने नारासहित कर्णाली समृद्धिको अभियानलाई परियोजनाका रूपमा सञ्चालन गर्ने बजेटमा उल्लेख छ। बेरोजगार युवालाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि रोजगारीमार्फत स्वरोजगार गर्न सीप नक्सांकन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाई स्वरोजगार बनाइने उनले घोषणा गरे। त्यसका लागि छुट्टै ऐन बनाइने भएको छ। स्वरोजगार कार्यक्रमका लागि एक अर्ब ५० करोड रकम विनियोजन गरिएको छ।

कर्णाली प्रदेशमा भौतिक पूर्वाधार, यातायात र सहरी विकासका लागि १० अर्ब ११ करोड ४२ लाख बजेट विनियोजन गरिएको छ।

'नदीमाथिका गरा, बनाउँछौं हराभरा' भन्ने नारासहित कर्णाली, भेरी र शारदा नदी बेसिनलगायतका विभिन्न नदी-किनारमा रहेका टारहरूमा सिँचाइ सुविधाको पहुँच पुऱ्याइने भएको छ। यसका लागि एक करोड ४० लाख बजेट विनियोजन गरिएको मन्त्री सिंहले बताए। खाद्यान्न उत्पादनका सम्भावना रहेका शारदा करिडोर, हिमा करिडोर, तिला करिडोर, भेरी करिडोर र कर्णाली करिडोरलाई खाद्यान्न करिडोरका रूपमा विकास गर्न संघीय सरकार तथा विकास साझेदार संस्थासँगको सहकार्य गर्ने व्यवस्था मिलाएको उनले बताए। यसले कर्णाली प्रदेशमा खाद्यान्न उत्पादनमा वृद्धि गर्ने उनको विश्वास छ।

बजेट प्रस्तुत गर्दै मन्त्री सिंहले सांसद विकास कोषलाई निरन्तरता दिएको घोषणा गरे। कर्णाली प्रदेशमा सांसद विकास कोषमार्फत प्रत्यक्ष निर्वाचित २४ सांसदहरूलाई पाँच करोडका दरले एक अर्ब २० करोड र समानुपातिक १६ सांसदहरूलाई एक करोडका दरले १६ करोड पाउँदै आइरहेका छन्। कर्णाली प्रदेशमा सुरुदेखि नै यो बजेट सांसदले लिँदै आएका छन्।

आर्थिक ०७९/८० को जेठ मसान्तसम्म चालूतर्फ ४८.१० प्रतिशत र पुँजीगततर्फ ३४.६१ प्रतिशत बजेट खर्च भएको छ। राजस्व संकलन एक अर्ब ६० करोड ५२ लाख रहेको छ।

■ सुदूरपश्चिममा सवा २९ अर्बको बजेट



नरेशकुमार शाही
आर्थिक मामिलामन्त्री

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि २९ अर्ब २६ करोड ५९ लाख ३२ हजारको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिलामन्त्री नरेशकुमार शाहीले चालू वर्षको भन्दा करिब साढे सात अर्ब कमको बजेट प्रदेश सभामा पेस गरेका हुन्।

कुल बजेटमध्ये पुँजीगततर्फ १७ अर्ब दुई करोड २३ लाख ६० हजार र चालूतर्फ नौ अर्ब ५९ करोड ६० लाख विनियोजन गरिएको छ। यस्तै, अन्तरसरकारी वित्त हस्तान्तरणतर्फ कुल बजेटको ८.०२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १.०३ प्रतिशत विनियोजन गरेको मन्त्री शाहीले बताए। संघीय सरकारले विभिन्न शीर्षकमा दिने अनुदान र राजस्व बाँडफाँटको रकम कटौती गरेपछि प्रदेशमा बजेटको आकार गत वर्ष (३६ अर्ब ७४ करोड)भन्दा घटेको हो।

सरकारले आगामी पाँच वर्षभित्र दलहन, मसलाबाली र फलफूलमा आत्मनिर्भर बन्ने लक्ष्यसहित कृषिमा आत्मनिर्भर सुदूरपश्चिम अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। किसानलाई विनाब्याज ऋण उपलब्ध गराउन चार करोड रुपैयाँ विनियोजन गरिएको छ। कृषि, सहकारी र पशुपक्षी क्षेत्रका लागि साढे दुई अर्ब बजेट विनियोजन गरिएको छ।

आगामी वर्ष दुई सय १८ किमि पक्की सडक, दुई सय ८८ किमि ग्राभेल तथा १० वटा पक्की पुल बनाउने लक्ष्य छ। यस्तै, कैलालीको गोदावरी-अत्तरिया-धनगढीसम्म मोनोरेल सञ्चालन र बाजुराको ढम्कने-पाण्डुसैन सुरुङमार्ग अध्ययन गरिने भएको छ। सडक पूर्वाधारमा पाँच अर्ब ६८ करोड बजेट छुट्याइएको छ।

३८ सय हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तारको लक्ष्यसहित सिँचाइ संरचनामा एक अर्ब बजेट छुट्याइएको छ। प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले सबैभन्दा बढी १२ अर्ब ६८ करोड बजेट पाएको छ।

बजेटमा प्रदेश विश्वविद्यालय स्थापनाको काम अगाडि बढाइने उल्लेख छ। सरकारले बाजुराको कोल्टी, दार्चुलाको गोकुलेश्वर, डडेल्धुराको जोगबुडा, कैलालीको लम्कीचुहा र कञ्चनपुरको बेलौरी अस्पताललाई प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति गर्ने घोषणा गरेको छ। सेती प्रादेशिक अस्पतालमा 'वर्न युनिट' स्थापना गर्ने बजेटमा उल्लेख छ। स्वास्थ्य क्षेत्रका लागि तीन अर्ब १४ करोड बजेट छुट्याइएको छ।

संघीय सरकारको सहकार्यमा कैलालीको अत्तरियामा चिडियाखाना स्थापना गरिने भएको छ। एक जिल्ला, एक उद्योग कार्यक्रमले निरन्तता पाएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रमा एक अर्ब ८१ करोड बजेट छुट्याइएको छ। प्रदेश सांसदले वितरण गर्न पाउने गरी प्रदेश पूर्वाधार कार्यक्रम ब्युँताइएको छ। प्रदेशसभाका ३२ निर्वाचन क्षेत्रलाई प्रतिनिर्वाचन क्षेत्र तीन करोडका दरले बजेट विनियोजन गरिएको छ। बजेटमा कर्मचारी विशेष प्रोत्साहन भत्तालाई निरन्तरता दिइएको छ।


सरकारले आगामी वर्ष लगानी तथा विकास सम्मेलन गर्ने घोषणा गरेको छ। यस्तै, अत्यावश्यकबाहेक नयाँ सवारीसाधन खरिद नगर्ने प्रदेश सरकारले घोषणा गरेको छ। आन्तरिक राजस्वको हिस्सा बढाउन कर तथा गैरकरको दायरा र दर बढाइएको छ। निजी तथा सार्वजनिक विद्युतीय सवारीसाधनमा कर लिने व्यवस्था गरिएको छ।

यस्ता छन् ग्लोबल छनोटका १० राष्ट्र

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले यसै वर्ष भारतमा आयोजना हुने एकदिवसीय विश्वकपमा स्थान बनाउन एउटा रोडम्याप खडा गरेको थियो । आइसिसीको पूर्णकालीन सदस्य र एसोसिएट राष्ट्रका लागि दुई किसिमका छनोट प्रतियोगिता आयोजना भए । टेस्ट मान्यता प्राप्तहरूले सुपर लिगमा प्रतिस्पर्धा गरे । एसोसिएट राष्ट्रहरूले विश्वकप लिग-२ मा सहभागिता जनाए । सुपर लिगको आठभित्र रहेका राष्ट्रले सीधै विश्वकपमा स्थान बनाए । सुपर लिगमा बाँकी रहेका राष्ट्रहरू ग्लोबल छनोटमा पुगेका छन् । आइसिसीले विश्वकप लिग-२ का शीर्ष तीन र प्ले अफबाट आएका दुई राष्ट्रलाई ग्लोबल छनोट खेल्ने अवसर प्रदान गरेको छ । सुपर लिगमा शीर्ष आठभित्र नपरेका वेस्ट इन्डिज, श्रीलंका, आयरल्यान्ड, जिम्बावे र नेदरल्यान्ड्स अहिले ग्लोबल छनोटमा परेका हुन् । विश्वकप लिग-२ बाट स्कटल्यान्ड, नेपाल, अमेरिका र ओमान पनि ग्लोबल छनोटमा छनोट भएका छन् । दुईपटकको विश्वकप विजेता वेस्ट इन्डिज र एकपटकको च्याम्पियन श्रीलंकाले पनि ग्लोबल छनोट माध्यमबाट विश्वकप स्थान बनाउन प्रतिस्पर्धा गर्नुपर्नेछ । ग्लोबल छनोटमा श्रीलंकाको वरीयता शीर्ष स्थान र युएई पुछारमा छन् । नेपालले पहिलोपटक ग्लोबल छनोटमा स्थान बनाएको हो । ग्लोबल छनोटका शीर्ष दुई टोलीले भारतमा आयोजित एकदिवसीय विश्वकपमा भाग लिनेछन् ।

> प्रत्येक समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन्, सुपर सिक्सका शीर्ष दुई टोलीले भारतमा आयोजना हुने एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता खेल्नेछन्



श्रीलंका

एकदिवसीय वरीयता - ९

ग्लोबल छनोटमा शीर्ष वरीयताको टोली श्रीलंका हो । आइसिसीको सुपर लिगमा शीर्ष आठभित्र स्थान सुरक्षित गर्न नसक्दा श्रीलंका ग्लोबल छनोटमा झरेको हो । सुपर लिगमा श्रीलंका नवौं स्थानमा रहँदा ८१ अंक रह्यो । सुपर लिगमा श्रीलंकाले २४ खेलमा सात जित र १४ हारको सामना गरेको थियो । श्रीलंका पूर्वविश्वकप विजेता हो । सन् १९९६ मा श्रीलंकाले अस्ट्रेलियालाई हराउँदै पहिलोपटक विश्वकप उपाधि जितेको थियो । सन् २००७ मा वेस्ट इन्डिजमा भएको विश्वकप फाइनलमा श्रीलंका अस्ट्रेलियासँग पराजित भएको थियो । यसअघिका संस्करणमा निरन्तर स्थान बनाएको श्रीलंका पहिलोपटक छनोट चरणका माध्यमबाट विश्वकपको प्रवेशका लागि प्रतिस्पर्धा गर्दै छ । श्रीलंकाले सन् १९८१ मा आइसिसीको पूर्ण सदस्यता प्राप्त गरेको थियो । श्रीलंकाले टेस्ट मान्यता सन् १९८१ मा प्राप्त गरेको थियो । विश्वकप इतिहासमा श्रीलंकाले सन् २०१२ मा आइसिसी टी-२० विश्वकप हात पारेको थियो ।

वेस्ट इन्डिज

एकदिवसीय वरीयता - १०

कुनै समय विश्व क्रिकेटमा वेस्ट इन्डिज निकै शक्तिशाली राष्ट्र मानिन्थ्यो । सन् १९८० को दशकमा वेस्ट इन्डिजलाई हराउन मुस्किल नै पर्थ्यो । त्यसवेला वेस्ट इन्डिजसँग धुरन्धर ब्याट्समयान तथा खतरनाक फास्ट बलर थिए । यही दुई शक्तिका भरमै वेस्ट इन्डिजले एकदिवसीय विश्वकपको पहिलो र दोस्रो दुई संस्करण नै जितेको थियो । सन् १९८३ मा वेस्ट इन्डिज भारतसँग फाइनलमा अप्रत्याशित रूपमा पराजित हुँदा विश्वकप उपाधिमाथि ह्याट्रिक गर्न चुक्यो ।

गौरवशाली इतिहास बोकेको वेस्ट इन्डिज सुपर लिगमा नवौं स्थानमा रहँदा ग्लोबल छनोटमा पऱ्यो । सुपर लिगमा वेस्ट इन्डिजले २४ खेलबाट ८८ अंक हात पारेको थियो । यसक्रममा वेस्ट इन्डिजले नौ जित र १५ हारको सामना गऱ्यो । पछिल्लो एकदिवसीय वरीयतामा क्यारेबियन टोली १०औं स्थानमा छ ।

जिम्बावे

एकदिवसीय वरीयता - ११

आइसिसीको पूर्ण सदस्य जिम्बावेको सुपर कपको कमजोर प्रदर्शन भयो । जिम्बावे सुपर कपको १३औं स्थानमा रह्यो । २४ खेलमा ६ जित र १७ हारको सामना गरेको जिम्बावेले ६५ अंक मात्र बटुल्यो । यसै कारण जिम्बावेले भारतमा आयोजना हुने विश्वकपमा स्थान सुरक्षित गर्न ग्लोबल छनोट चरण खेल्नुपरेको हो । जिम्बावेले सन् १९९२ मै आइसिसीबाट टेस्ट मान्यता प्राप्त गरेको थियो । सन् १९८१ मा जिम्बावे आइसिसीको एसोसिएट राष्ट्र बनेको थियो । एसोसिएट राष्ट्र बनेको एक दशकभित्र नै जिम्बावे पूर्णकालीन सदस्य बन्यो । सन् १९८३ को विश्वकपमा जिम्बावेले पहिलोपटक विश्वकपमा सहभागिता जनाएको थियो । त्यसपछि जिम्बावे लगातार नौपटक विश्वकपमा छनोट भएको थियो । सन् २०१९ को विश्वकपमा जिम्बावेले विश्वकपमा स्थान बनाउन सकेन । ग्लोबल छनोटमा टेस्ट मान्यता राष्ट्रलाई चुनौती दिन सक्ने राष्ट्रका रूपमा जिम्बावेलाई लिइएको छ ।

आयरल्यान्ड

एकदिवसीय वरीयता - १२

युरोपियन राष्ट्रमा इंग्ल्यान्डपछिको शक्तिशाली राष्ट्रका रूपमा आयरल्यान्डलाई लिइन्छ । सन् २०१७ मा आयरल्यान्ड आइसिसीको टेस्ट राष्ट्र बन्यो । बंगलादेशसँगको प्रतिस्पर्धामा वर्षा बाधक बन्दा आयरल्यान्डको सीधै विश्वकप खेल्ने सपना अधुरो बनेको हो । आयरल्यान्ड चुक्दा दक्षिण अफ्रिकाको भाग्य चम्कियो । आयरल्यान्डले सुपर लिगको ११औं स्थानमा रहँदा ७३ अंक बटुल्यो । आयरल्यान्डले २२ खेलमा ६ जित र १३ हारको सामना गऱ्यो ।

युरोपियन क्रिकेट काउन्सिलको मुख्य सदस्य आयरल्यान्डले अहिलेसम्म ६ टेस्ट खेलेको छ । सन् २००७ को विश्वकपमा आयरल्यान्डले १०औं स्थान प्राप्त गरेको थियो । आयरल्यान्डले तीनपटक एकदिवसीय विश्वकप खेलेको छ । पछिल्लो एकदिवसीय वरीयतामा आयरयान्ड १२औं स्थानमा छ ।

स्कटल्यान्ड

एकदिवसीय वरीयता - १३

आइसिसी विश्वकप लिग-२ को च्याम्पियन हुँदै स्कटल्यान्डले ग्लोबल छनोटमा स्थान बनाएको हो । युरोपियन क्रिकेटको सदस्य स्कटल्यान्डले अहिलेसम्म तीनपटक विश्वकप खेलेको छ । सन् १९९४ मै आइसिसीको एसोसिएट राष्ट्र बनेको स्कटल्यान्डले सन् १९९९ को विश्वकपमा पहिलोपटक सहभागिता जनाएको थियो । सन् २००७ र २०१५ को विश्वकप अनुभव बटुलेको स्कटल्यान्डले पाँचपटक टी-२० विश्वकप खेलिसकेको छ । पछिल्लो समय एसोसिएट राष्ट्रमध्ये शक्तिशाली राष्ट्र मानिएको स्कटल्यान्डले अहिलेसम्म एक सय ४६ एकदिवसीय खेल खेल्दा ६३ खेलमा जित निकालेको छ ।

नेपाल

एकदिवसीय वरीयता - १४

एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा पहिलोपटक नेपालले प्रतिस्पर्धा गर्दै छ । आइसिसी विश्वकप लिग-२ को तेस्रो स्थानमा रहँदै नेपाल छनोट भएको हो । विश्वकप छनोटमा नेपालको यो दोस्रो सहभागिता हो । यसअघि सन् २०१९ को विश्वकप छनोटका लागि नेपालले न्युजिल्यान्डमा प्रतिस्पर्धा गरेको थियो । गत फागुनमा नेपालले विश्वकप लिग-२ को अन्तिम खेलमा युएईलाई हराउँदै अविश्वसनीय रूपमा तेस्रो स्थान रक्षा गरेको थियो । नेपालको सफलतासँगै नामिबिया ग्लोबल छनोटबाट बाहिरियो । सन् १९९४ मा नेपाल आइसिसीको एसोसिएट राष्ट्र बनेको थियो । पाँच वर्षअघि नेपालले एकदिवसीय राष्ट्रको दर्जा पायो । पछिल्लो समय एसोसिएट राष्ट्रमा नेपालको प्रदर्शन अब्बल रहेको छ । भारतीय नागरिक मोन्टी देसाईको आगमनपछि नेपालको प्रदर्शनमा अस्वाभाविक रूपमा परिवर्तन भएको मानिन्छ । नेपाली खेलाडीले टेस्ट तथा एसोसिएटतर्फका बलिया राष्ट्रविरुद्ध चुनौतीपूर्ण प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

अमेरिका

एकदिवसीय वरीयता - १५

विश्वकप लिग-२ मा कुनै समय अमेरिकाले शीर्ष तीनभित्रको दाबेदारी प्रस्तुत गरेको थियो । तर, नेपालको उत्कृष्ट पुनरागमनका कारण अमेरिका पाँचौं स्थानमा रहँदै ग्लोबल प्ले अफमा झऱ्यो । ग्लोबल प्ले अफमा शीर्ष दुई स्थानमा रहँदै अमेरिकाले जिम्बावेमा हुने ग्लोबल छनोटमा स्थान पक्का गरेको हो । विश्वकप लिग-२ मा अमेरिकाले ३६ खेलमा ३५ अंक बटुलेको थियो । अमेरिकाले आइसिसीबाट सन् १९६५ मै एसोसिएट सदस्यता प्राप्त गरेको थियो । सन् २००४ मा अमेरिकाले न्युजिल्यान्डविरुद्ध ओभल मैदानमा पहिलो एकदिवसीय खेल खेलेको थियो । अहिलेसम्म अमेरिकाले ४५ एकदिवसीय खेलमा २२ जित र २१ हारको सामना गरेको छ ।

नेदरल्यान्ड्स

एकदिवसीय वरीयता - १७

सन् २०२० देखि २०२३ सम्म आइसिसीले आयोजना गरेको सुपर लिगको पुछारमा रहेको राष्ट्र नेदरल्यान्ड्स हो । सुपर लिगको १३औं स्थानमा रहँदा नेदरल्यान्ड्स ग्लोबल छनोटमा घटुवा भयो । नेदरल्यान्ड्सले सुपर लिगमा २४ खेलबाट ३५ अंक मात्र बटुल्यो । यसक्रममा डच टोलीले तीन जित र २० हारको सामना गऱ्यो । ग्लोबल छनोटमा स्थान बनाएका एसोसिएट राष्ट्रमध्ये नेदरल्यान्ड्स अनुभवी टोली हो । सन् १९६६ मा आइसिसीको सदस्य बनेको नेदरल्यान्ड्सले सन् १९९६ मा पहिलोपटक एकदिवसीय विश्वकप खेल्यो । त्यसपछि २००३, ०७ र ०११ को विश्वकपमा स्थान बनाएको नेदरल्यान्ड्सले सन् २०१५ र ०१९ को संस्करणमा स्थान बनाउन सकेन । सन् २०१५-०१७ मा आयोजित विश्वकप क्रिकेट लिग च्याम्पियनसिप विजेताका नाताले नेदरल्यान्ड्स सुपर लिगमा छनोट भएको थियो ।

ओमान

एकदिवसीय वरीयता - १८

विश्वकप लिग-२ को उपविजेताका रूपमा ओमान ग्लोबल छनोटमा प्रवेश गरेको हो । विश्वकप लिग-२ बाट ग्लोबल छनोटमा स्थान पक्का ओमान पहिलो राष्ट्र हो । ओमानले अन्तिमतिर कमजोर प्रदर्शन गरेका कारण नै स्कटल्यान्ड च्याम्पियन बन्यो । ओमानले ३६ खेलमा २१ जित र १३ हारको सामना गरी ४४ अंक बटुल्यो । पछिल्लो समय एसोसिएट राष्ट्रमा ओमानको प्रदर्शन पनि दमदार रहेको छ । सन् २०१४ मा आइसिसीको एसोसिएट सदस्य बनेको ओमान सन् २०१६ मा टी-२० विश्वकपमा छनोट भएको थियो । अन्तर्राष्ट्रिय क्रिकेटमा ओमानको उत्कृष्ट नतिजा नै त्यही नै थियो । ओमानले अहिलेसम्म ३९ एकदिवसीय खेलमा २१ जित र १६ खेलमा हारको सामना गरेको छ ।

युएई

एकदिवसीय वरीयता - १९

विश्वकप लिग-२ को अन्तिम सिरिजतिर युएईको कमजोर प्रदर्शन भयो । नेपाल र पपुवा न्युगिनीसँग महत्त्वपूर्ण खेलमा पराजित हुँदा युएई शीर्ष पाँचबाट बाहिरियो । त्यसपछिको प्ले अफमा शीर्ष दुईमा रहँदै युएईले ग्लोबल छनोटमा स्थान बनाएको हो । युएईले लिग-२ मा ३६ खेलमा ३३ अंक जोडेको थियो । एकदिवसीय विश्वकप इतिहासमा युएईले दुईपटक प्रतिस्पर्धा गरेको छ । सन् १९९६ मा युएईले पहिलोपटक विश्वकपमा स्थान बनाएको थियो । त्यसपछि सन् २०१५ मा युएईले अन्तिमपटक विश्वकप खेल्यो । युएईले अहिलेसम्म ९९ एकदिवसीय खेल खेल्दा ३६ मा जित र ६२ मा हारको सामना गरेको छ ।

समूह 'ए'

नेपाल, वेस्ट इन्डिज, अमेरिका, नेदरल्यान्ड्स र जिम्बाब्वे

समूह 'बी'

आयरल्यान्ड, ओमान, स्कटल्यान्ड, श्रीलंका र युएई

नेपालको खेल तालिका

३ असार	जिम्बावे
५ असार	अमेरिका
७ असार	वेस्ट इन्डिज
९ असार	नेदरल्यान्ड्स

शीर्ष स्थानमा नुबैरको निरन्तरता

काठमाडौं/ दक्षिण एसियन बुद्धिचाल च्याम्पियनसिपको शुक्रबार पाँचौं चरण समाप्तिपछि भारतीय अन्तर्राष्ट्रिय मास्टर नुबैर साह शेखले शीर्ष स्थानमा १.५ अंकको अग्रता लिएका छन् । पाँचौं खेलपछि नुबैरले ४.५ अंक बटुलेका छन् । भारतीय ग्रान्ड मास्टर सयतन दास र पाकिस्तानी फिडे मास्टर रेटेड अमिर करिम चार अंकका साथ संयुक्त रूपमा दोस्रो स्थानमा छन् । चौथो चरणमा नेपालका फिडे मास्टर तथा नेपाल च्याम्पियन रूपेश जैसवाललेनुबैरलाई बराबरीमा रोकेका थिए । नुबैरले पाँचौं चरणमा नेपालका पूर्वच्याम्पियन शूरवीर लामालाई पराजित गरेका थिए ।

रूपेश र नुबैरबीचको खेल प्रतिस्पर्धात्मक बनेको थियो । कालो गोटीबाट सुरुवात भएको खेलको मध्यतिर दुवै खेलाडीले खतरा मोल्न चाहेनन् । खेलको ३९औं चालमा दुवै खेलाडी अंक बाँड्न सहमत भए । शूरवीरले नुबैरलाई चुनौती दिएका थिए । खेलको ४४औं चालमा उनले खेल त्याग्न बाध्य भए । ग्रान्ड मास्टर सयतनले चौथो चरणमा बंगलादेशका अब्दुल मलेक मोहमदलाई हराए । उनले पाँचौं चरणमा नेपालका फिडे मास्टर क्षितिज भण्डारीलाई पाखा लगाए ।

पाकिस्तानी अमिरले पनि दुवै खेलमा जित निकाले । उनले पाँचौं चरणमा नेपालका पुरुषोत्तम सिलवाललाई निराश पारे । बंगलादेशका फिडे मास्टर हसन मोहमदमाथि अमिरले सहज जित निकालेका थिए । नेपाल बुद्धिचाल संघको आयोजनामा भइरहेको च्याम्पियनसिपमा नेपालका रूपेश, क्षितिज र बंगलादेशका हसनले २.५ अंक जोडेका छन् ।



उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/०२)

शेयरधनी महानुभावहरू

मिति २०८०/०१/१४ गते बिहिबार बिहान १०:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८०/०३/०८ गते, शुक्रबार अर्थात जुन २३, २०२३ ।
समय : २:०० बजे, दिउँसो ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफलका विषयहरू:

१. प्रबन्ध पत्रको दफा ६ को (क), (ख) (ग) (घ) (ङ) र (च) संशोधन गर्ने सम्बन्धमा ।
२. जारी पूँजीको २२ प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा ।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा ।
४. प्रबन्ध पत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशनवा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०३/०२)

शेयरधनी महानुभावहरू,

मिति २०८०/०१/१४ गते बिहिबार बिहान १०:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८०/०३/०८ गते, शुक्रबार अर्थात जुन २३, २०२३ ।
समय : ११:०० बजे, बिहान ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफलका विषयहरू:

१. प्रबन्ध पत्रको दफा ६ को (क), (ख) (ग) (घ) (ङ) र (च) संशोधन गर्ने सम्बन्धमा ।
२. जारी पूँजीको २० प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा ।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा ।
४. प्रबन्ध पत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, काठमाडौं

निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्ने सम्बन्धि १५ दिने सूचना

(प्रकाशित मितिः २०८०/०३/०२)

तपाई श्री नाना/बौडेश्वर जे.भी ले काठमाडौं जिल्ला, तारकेश्वर-५ मा बोहराटार देखि पृथ्वी नारायण स्कूल हुँदै धितालचोकसम्मको सडक स्तरोन्नती कार्य, ठेक्का नं. PUDBC/KTM/NCB/WORKS-10/077/78 कार्यका लागि मिति २०७७/१२/०८ मा यस कार्यालयसंग सम्झौता गर्नु भएकोमा यस कार्यालयबाट पटक पटक भएको पत्राचार तथा ताकेता पश्चात मिति २०८०/०२/०२ गते Lead Partner, Nana Construction Pvt. Ltd का प्रोप्राइटर रमेश कुमार श्रेष्ठले कार्यालयमा २०८० जेठ मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गरेकोमा उक्त समयमा समेत निर्माण कार्य सम्पन्न गर्न तर्फ कुनै चासो नदेखाईएकोले यो सूचना प्रकाशन मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work schedule, स्रोत परिचालनको भरपर्दो योजना र प्रतिवद्वता सहित सम्पुर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य सम्पन्न गर्न तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्न तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराईन्छ ।

आयोजना प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com